म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १३, | अंक ९० | आइतबार १९ कात्तिक २०८० | ने. सं. ११४३ कौलागा | 5 November 2023 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## प्रहरीद्वारा अवैध पटाका र सुर्ति बरामद

हेटौँडा, १८ कात्तिक/ मकवानपुर प्रहरीले शनिबार हेटौँडाबाट अवैध पटाका र सुर्ति बरामद गरेको छ ।

प्रहरीले पूर्व-पश्चिम सडकखण्डअन्तर्गत् पर्ने मकवानपुरको हेटौँडा उपमहानगरपालिका वडा नम्बर १५ रातोमाटेमा अवैध पटाका र सुर्ति बरामद गरेको हो ।

प्रहरीले ४०० प्याकेट (१ प्याकेटमा २८ पिस का दरले) कोब्रा पटाका, सुर्ति (अन्दाजी १० किलो (बोरामा खुल्ला), गुल-१० प्याकेट बरामद गरेको मकवानपुरका प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । उनका अनुसार, बिहान ९:४५ बजेको समयमा रौतहटको गौरबाट हेटौँडातर्फ आउँदै गरेको ग. १ ख ८८४८ नम्बरको यात्रु बाहक बसलाई रोकी चेकजाँच गर्ने क्रममा उक्त बसको यात्रु बस्ने सिट मुनि लुकाइछिपाई ल्याएको सो परिमाणको पटाका र सुर्ति फेला परेको हो । उक्त घटनाको बारेमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाइएको छ ।

## जाजरकोट र रुकुम पश्चिममा भूकम्प

# १५७ जनाको मृत्यु, १९७ घाइते





भूकम्पबाट क्षतिग्रस्त घर (बायाँ) र घाइतेहरुको उद्धार कार्यमा खटिरहेका नेपाली सेनाहरु (दायाँ) ।

साझाकुरा संवाददाता

काठमाडौं, १८ कात्तिक/ भूकम्पका कारण जाजरकोट र रुकुम पश्चिममा गरी हालसम्म १ सय ५७ जनाको मृत्यु भएको छ । भूकम्पबाट शनिबार साँझ ७ बजेसम्म दुबै जिल्लामा गरी एकसय ९७ जना घाइते भएका छन् ।

सशस्त्र प्रहरी बल केन्द्रीय कार्यालयका प्रहरी नायव उपरीक्षक शैलेन्द्र थापाका अनुसार भूकम्पका कारण जाजरकोटमा एक सय ५ जनाको तथा रुकुम पश्चिममा ५२ जनाको मृत्यु भएको छ । यसैगरी, भूकम्पबाट जाजरकोटमा एकसय ५, रुकुम पश्चिममा ८५, दैलेख र बैतडीमा तीन-तीन तथा रोल्पामा एक जना घाइते भएका छन् । घाइतेलाई उपचारका लागि नेपाली सेनाको हेलिकप्टरबाट नेपालगञ्ज, काठमाडौं तथा अन्य ठाउँमा ल्याउने क्रम जारी छ ।

नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल भूकम्प प्रभावितको उद्धार तथा राहतमा जुटेको छ । प्रभावित क्षेत्रमा यसका लागि एक हजार पाँच सयभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको छ । भूकम्प प्रभावित क्षेत्रमा नेपाली सेनाले उद्धार तथा राहतका लागि पाँचवटा हेलिकप्टर तथा जहाजको प्रयोग गरिएको नेपाली सेनाका प्रवक्ता सहायक रथी कृष्णप्रसाद भण्डारीले जानकारी दिए ।

शुक्रबार राति ११:४७ बजे जाजरकोटको बारेकोट गाउँपालिका-१, रामीडाँडा केन्द्र विन्दु भइ ६ दशमलव ४ रेक्टर स्केलको भुकम्प गएको थियो । भूकम्पबाट जाजरकोट र रुकुम पश्चिममा ठूलो धनजनको क्षति भएको छ ।

## बागमती प्रदेश सरकारद्वारा डेढ करोड सहयोग गर्ने

हेटौंडा/ जाजरकोट जिल्लाको रामीडाँडा केन्द्रबिन्दु भई गएराति गएको भुकम्प पीडितका लागि बागममती प्रदेश सरकारले १ करोड ५० लाख रुपैयाँ सहयोग उपलब्ध गराउने भएको छ ।

बागमती प्रदेश सरकारका प्रवक्ता तथा आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले शनिबार विज्ञप्ती जारी गर्दै भुकम्प पीडितको प्रभावकारी उद्दार, उपचार, राहत र पुनर्स्थापनाको लागि १ करोड ५० लाख रुपैयाँ उपलब्ध गराउने जानकारी दिएको हो । उनले बिपद्को यश घडीमा वाग्मती प्रदेश सरकार कर्णाली प्रदेश सरकारको साथमा रहने बताए । मन्त्री श्रेष्ठले भूकम्पमा परी ज्यान गुमाउने व्यक्तिहरु प्रति श्रद्धाञ्जली र आफन्तजनहरुमा समवेदना व्यक्त गरेको छ । उहाँले घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामनासमेत गरेको छ । मन्त्री श्रेष्ठले विपद्को यश घडीमा आवश्यक सहयोग गर्न नागरिक समाज र गैरसरकारी संस्थाहरुलाई आग्रह पनि गरे ।

# सहयोग नपाए हेटौंडा सिमेन्ट बन्द

साझाकुरा संवाददाता

हेटौंडा, १८ कात्तिक/ सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योग निरन्तर घाटामा छ ।

पटक-पटक उत्पादन बन्द गर्ने, आंशिक मात्रामा मात्रै उत्पादन गर्ने गरिएको उद्योग पछिल्लोपटक फेरि कोइला किन्न नसकेकै कारण बन्द छ । वि.सं. २०४२ देखि व्यावसायिक उत्पादन सुरु गरेको यो उद्योगले निजी क्षेत्रमा स्थापित उद्योगहरूसँग प्रतिष्पर्धा गर्न नसकेकै कारण घाटामा छ । हेटौंडा सिमेन्ट उद्योगले भने आर्थिक कारण नै समस्या झेल्दै आएको छ । उद्योगले आर्थिक वर्ष २०७५/७६ देखि हालसम्म करिब ९० करोड घाटा बेहोरेको पाइएको छ ।

निजी क्षेत्रको लगानी रहेको उद्योगसँगको प्रतिस्पर्धा र उद्योगको पुरानो उपकरण नै समस्या हो । कच्चा पदार्थको निरन्तर मूल्य बृद्धि, उत्पादन लागतभन्दा कम मूल्यमा सिमेन्ट बिक्री वितरण गर्नुपर्ने बाध्यताबीच उद्योग दिन प्रतिदिन टाट पल्टने स्थितिमा पुगेको उद्योग व्यवस्थापनले जनाएको छ ।

दैनिक ७ सय ५० मेट्रिक टन सिमेन्ट उत्पादन क्षमता रहेको उद्योगले केही समयअघिदेखि क्षमताभन्दा आधामात्रै उत्पादन गर्दै आएको थियो । तर, हाल कोइला अभावका कारण उत्पादन नै बन्द छ । कोइला खरिदवापतको रकम तिर्न नसकेकै कारण उद्योगले सम्झौता अनुसार कोइला खरिद गर्न नसकेको हो ।

उद्योगले कोइलावापत १९ करोड तिर्न बाँकी छ । मौज्दात सिमेन्ट बिक्रीबाट केही रकम तिरेपछि कोइला ल्याउन सकिने र उद्योग केही समय सञ्चालनका लागि बाटो खुल्छ । तर , यसका लागि उद्योगमा भएको करिब तीन लाख बोरा मौज्दात सिमेन्ट बिक्रि नभएपछि उद्योग सरकारकै मुख ताक्न बाध्य छ ।

उद्योगलाई दैनिक एकसय ५० मेट्रिक टन कोइला आवश्यक पर्छ । उत्पादन लागत प्रतिबोरा ७ सय हुँदा सिमेन्ट बिक्रीबाट ६ सय १० रुपैयाँमात्र उद्योगले प्राप्त गर्ने गरेको उद्योगका महाप्रबन्धक बसन्तकुमार पाण्डे बताउँछन् ।

'हामिसँग तीन लाख बोरा सिमेन्ट बिक्री नभएर थन्किएको छ, करिब १८ देखि १९ करोड रकम बराबरको सिमेन्ट बिक्री भए कोइला खरिद गरेर उद्योग पुन:सञ्चालन गर्न सकिन्थ्यो,' उनले भने, 'तर सिमेन्ट बिक्री नहुँदा उद्योग सञ्चालन गर्न सरकारकै सहयोगको आवश्यक पर्छ ।' पाण्डेका अनुसार निर्माण कार्य सुस्त हुनु र प्राईभेट सिमेन्ट उद्योगसँग प्रतिस्पर्धा गर्न नसक्दा सिमेन्ट बिक्री हुन नसेको बताए । महाप्रबन्धक पाण्डेका अनुसार अर्थमन्त्रालयले २५ करोड निकासा गरेमात्रै उद्योग पुन:सञ्चालनमा आउनेछ ।

उद्योग टाट पल्टने स्थिति आएपछि जीर्ण उपकरण विस्थापन गरी नयाँ उपकरण जडान गर्न उद्योगले सरकारसंग एक अर्ब ६० करोड माग गरेको छ । उद्योग राम्रोसँग सञ्चालनमा ल्याउन नयाँ मेसिनहरूको जडान आवश्यक रहेकाले उक्त रकमको माग गरेको महाप्रबन्धक पाण्डेले बताए ।

**रोप-वे बिक्री गर्न मूल्याङ्कन समिति**

आर्थिक समस्या झेल्दै आएको उद्योगले जीर्ण अवस्थाको रोप-वे बिक्री गर्न मूल्याङ्कन समिति बनाएको छ । हेटौंडा सिमेन्ट उद्योगका भण्डार शाखा प्रमुखको संयोजकत्वमा मूल्याङ्कन समिति बनाइएको छ । समितिमा कोष तथा लेखा नियन्त्रक, जिल्ला प्रशासन र सडक विभागबाट १/१ जना र उद्योगबाट २ जना प्रतिनिधि हुने व्यवस्था गरिएको उद्योगका महाप्रबन्धक पाण्डेले बताए ।

हेटौंडादेखि भैंसे खानीसम्म करिब २०/२१ किलोमिटर छ । चुनढुंगा ओसार्न प्रयोग भएको रोपवे लामो समयदेखि प्रयोगविहीन र पुन: प्रयोगमा ल्याउन नसकिने अवस्थामा छ । जोखिम बढेको भन्दै रोपवे हटाउन स्थानीयले उद्योगमा धेरैवटा निवेदन दिएका छन् । यता, लामो समयदेखि उद्योग परिसरमा रहेका कवाडी सामान लिलाम गरेर केही पूँजी बढाउने प्रक्रिया अघि बढाइएको छ ।

उद्योगका चारवटा चुनढुंगा खानी छन् । धादिङको जोगिमारा खानीबाट सबैभन्दा स्तरीय चुनढुंगा निस्कन्छ । यसका ५० प्रतिशत ढुंगा सिमेन्ट बनाउन योग्य हुन्छन् । तर, यो खानी लामो समयदेखि नवीकरण नहुँदा बन्द छ । यस्तै, मकवानपुरको ओखरे, मजुवा, र भैंसे गरी ३ वटा खानी छन् । हाल ओखरे र मझुवा खानीबाट चुनढुंगा ल्याइएको छ ।



प्रतिबोरा ७ सय ४६ रुपैयाँ ९३ पैसामा बिक्री भएको सिमेन्टको उत्पादन लागत नै करिब ९ सय रुपैयाँ छ । बजारमा भने अन्य कम्पनीले हेटौंडाभन्दा कम मूल्यमा सिमेन्ट बिक्री गरिरहेका छन् ।

**सरकारी जग्गा बिक्री गर्ने उद्योगको योजना चर्चामै सीमित**

घाटा पूर्तिका लागि उद्योग मातहतको सरकारी जग्गा बिक्री गर्ने र नयाँ प्रविधि जडान गरी उत्पादन बढाउने प्रस्ताव १ वर्षयता चर्चामा छ । तर, यो प्रस्ताव योजनाअनुसार अघि बढ्न सकेको छैन । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमै फाइल अड्किएपछि जग्गा बिक्री गर्ने योजनाबाट पछि हटेको उद्योगका महाप्रबन्धक बसन्तकुमार पाण्डेले जानकारी दिए । मन्त्रालयले नै जग्गा बिक्रीको अनुमति दिने सम्बन्धको फाइल अगाडि नबढाएको पाइएको छ । उद्योग मन्त्रालयले जग्गा बिक्री गर्ने सम्बन्धमा रोक लगाएपछि हेटौंडा सिमेन्ट उक्त योजनालाई तत्काल स्थगित गरेको पाण्डेले बताए । उद्योगको रातोमाटेस्थित करिब १२ बिगाह जग्गा खरिद गर्न राष्ट्र बैंक इच्छुक रहेको तर, प्रक्रिया अहिले स्थगित रहेको महाप्रबन्धक पाण्डेले बताए ।

जग्गा बिक्रीवापत आएको रकमबाट उद्योगमा नयाँ प्लान्ट जडान गरी निजी क्षेत्रका उद्योगसँग प्रतिस्पर्धा गर्ने क्षमताको बनाउन खोजेको पाण्डेले बताए । पछिल्लो समय लगातार घाटामा चलिरहेको हेटौंडा उपमहानगर पालिका ९, लामसुरेस्थित उद्योगले आफ्नो खाली जग्गा बेच्ने तयारी गरेको थियो । उद्योगसँग प्रयोग नभएको जमिन धेरै भएको कारण केही बेचेर व्यवस्थित गर्न खोजिएको दाबीसमेत छ । प्रदेशको राजधानी हेटौंडा भएपछि यहाँ राष्ट्र बैंकले जग्गा खोजी गरिरहेको छ । हाल उद्योग नियमित सञ्चालनका लागि ८० करोडदेखि १ अर्ब खर्च लाग्ने अनुमान गरिएको छ । उद्योगमा नयाँ प्लान्ट जडान गर्न ५ देखि ८ अर्ब खर्च लाग्ने छ ।

**निरन्तर घाटामा उद्योग**

आर्थिक वर्ष २०६६/६७ देखि २०६७/६८ दुई वर्ष नाफामा रहेको उद्योग आर्थिक वर्ष २०६८/६९ देखि २०७०/७१ सम्म तीन वर्ष पुन: घाटामा गएको थियो । उद्योगले आर्थिक वर्ष २०७१/७२ देखि आ.व २०७४/७५ को ४ वर्ष नाफामा रहेको थियो तर, त्यसयता निरन्तर घाटामा उद्योग सञ्चालन हुँदै आएको छ । अहिले घाटा बजेट ९० करोड पुगेको महाप्रबन्धक पाण्डेले बताए ।

आर्थिक वर्ष २०६६/६७ मा ८४ हजार ९ सय ६ मेट्रिक टन सिमेन्ट उत्पादन गर्ने गरेको थियो । उक्त आर्थिक वर्षमा ११ करोड ७० लाख १६ हजार ८ सय ८६ रुपैयाँ नाफा गरेको उद्योगको तथ्याङ्कले देखाउँछ । यस्तै, आर्थिक वर्ष २०६७/६८ मा ७० हजार १ सय ९७ मेट्रिक टन सिमेन्ट उत्पादन गरेर उक्त आर्थिक वर्षमा ३ करोड ९५ लाख ४ हजार २ सय १५ रुपैयाँ बराबरको नाफा गरेको उद्योगका महाप्रबन्धक बसन्तकुमार पाण्डेले बताए ।

आर्थिक वर्ष २०६८/६९ मा ९८ हजार ५ सय ७४ मेट्रिक टन सिमेन्ट उत्पादन गर्दा उक्त आर्थिक वर्षमा ६ करोड ९१ लाख ५० हजार २४ रुपैयाँ घाटा बेहोर्न बाध्य भएको थियो । यस्तै आव २०६९/७० मा ९५ हजार ९ सय ५३ मेट्रिक टन सिमेन्ट उत्पादन गर्दा ९५ लाख ५५ हजार ६९९ रुपैयाँ घाटा बेहोरेको थियो ।

आर्थिक वर्ष २०७०/७१ मा ९८ हजार चारसय ३५ मेट्रिक टन सिमेन्ट उत्पादन गर्दा उद्योगले ३ करोड ४२ लाख २८ हजार १६ रुपैयाँ घाटा बेहोरेको थियो । यस्तै, आव २०७१/०७२ देखि आर्थिक वर्ष २०७४/७५ को ४ वर्षको अवधिमा पुन: उद्योगले नाफा कमाएको थियो ।

आर्थिक वर्ष २०७१/७२ मा ५ करोड ३२ लाख ४६ हजार ९८० रुपैयाँ, २०७२/७३ मा चार करोड ६५ लाख ५० हजार ३ सय २० रुपैयाँ, २०७३/७४ मा १५ करोड ४८ लाख ७७ हजार ५ सय ६२ रुपैयाँ र आर्थिक वर्ष २०७४/७५ मा करिब १६ करोड ३६ लाख ३ हजार ४ सय ९९ रुपैयाँ नाफा गरेको उद्योगका महाप्रबन्धक पाण्डेले बताए । त्यसयता २०७५/७६ देखि हालसम्म लगातार उद्योग घाटामा सञ्चालन भएको छ ।

आर्थिक वर्ष २०७५/७६ मा एककरोड ५ लाख ४१ हजार एकसय ३६ रुपैयाँ घाटा भएको उद्योगको तथ्याङ्कमा देखिन्छ । यस्तै, २०७६/०७७ मा २३ करोड ८२ लाख २४ हजार ८ रुपैयाँ, आर्थिक वर्ष २०७७/७८ मा १७ करोड ४ लाख ४० हजार ६ सय ६९ रुपैयाँ, आव २०७८/०७९ मा १० करोड ६९ लाख २४ हजार नौसय ९३ रुपैयाँ घाटामा गएको उद्योग आर्थिक वर्ष २०७९/८० मा १० करोड घाटामा गएको देखिन्छ ।

नेपाल सरकार र एसियाली विकास बैंकको लगानीमा २०३३ सालमा स्थापना भएको हेटौंडा सिमेन्ट उद्योगमा ६ सय ५५ कर्मचारीको दरबन्दीमध्ये हाल दुईसय २२ जना मात्रै कार्यरत् छन् । पर्याप्त जनशक्ति नहुँदा पनि उद्योग चलाउन कठिनाइ भएको छ । स्वीकृत दरबन्दीबमोजिमको कर्मचारी कार्यरत् नहुँदा मौजुदा कर्मचारीलाई ओभर टाइममा लगाउनु परेको छ । भदौ १५ गतेदेखि हालसम्मको ओभर टाइमको रकम भुक्तानी नहुँदा कर्मचारीको कार्यगत क्षमतामा समेत कमी आएको बताइएको छ ।

## ब्रह्मकुमारी राजयोग सेवा केन्द्रद्वारा

# १०२ जना ज्येष्ठ नागरिकलाई सम्मान

हेटौंडा, १८ कात्तिक/ ब्रमकुमारी राजयोग सेवा केन्द्रले ७० बर्ष उमेर पूरा भएका १०२ जना ज्येष्ठ नागरिकलाई सम्मान गरेको छ । सम्मान कार्यक्रममा सहभागी मकवानपुर थाहा नगरपालिका ४ की ७५ बर्षीया सान्नानी अधिकारीले आश्रमबाट पाएको सम्मान ज्येष्ठ नागरिकको लागि ऊर्जा भएको बताइन् । २५ वर्षदेखि आश्रममा लागेकी अधिकारीले ज्येष्ठ नागरिकको लागि सन्तानको माया र हेरचाह सबैभन्दा उच्चसम्मान हुने बताइन् ।

यसैगरी, ७२ बर्षीय माधव अधिकारीले उमेरको कारण आफूले जीवनमा पहिलोपटक सम्मान पाउँदा औधि खुशी लागेको बताए । नेपाल उद्योग महासंघमा लामो समय नेतृत्व गरेका अधिकारीले बालबालिकाहरुलाई जीवनमा अभाव पनि हुन्छ भन्ने आभाष नदिएर हुर्काएका अभिभावकहरु नै कालान्तरमा अभावमा रहनुपर्ने अवस्था आफूले देखेको उल्लेख गर्दै भने- 'सन्तान वैदेशिक रोजगारीमा जाँदा एक्लिएका बाबुआमाहरुको लागि सोच्ने व्यक्तिको अभाव समाजका अहिले खड्किएको छ ।'

कार्यक्रममा बागमती प्रदेशसभा सदस्य तथा प्रदेशका पूर्व श्रम तथा यातायात मन्त्री एकालाल श्रेष्ठले जन्म मृत्यु प्रकृतिको लय भएपनि जिम्मेवारी पूरा गर्नु सबैको कर्तव्य भएको बताए । 'आमा बुबाले सन्तानको लागि सबै जिम्मेवारी पूरा गर्छन्, उमेर ढल्कँदै जाँदा सम्मानदेखि मृत्युपछि श्राद्ध गरेर सँस्कृति अनुसार कर्म गर्ने परम्परा समाजमा छ, तर केही ज्येष्ठ नागरिकहरू जीवनकालमै अपहेलित हुनुपर्ने पीडा पनि यही समाजमा देखिन्छ' उनले भने ।

आफूलाई आफैले शान्ति दिने, ज्येष्ठ नागरिकको सम्मानस्वरुप राज्यले ज्येष्ठ नागरिक



भत्ता दिएको उनले बताए । अब यसलाई मासिक १० हजार पुऱ्याउने प्रयासमा आफू लागि परेको उनले बताए ।

बृद्धभत्ताले घर चलाउन पर्ने अवस्था पीडादायी भएको उल्लेख गर्दै उनले भने 'अर्थतन्त्र कहालीलाग्दो भएको छ, व्यवसाय बिग्रेर घर लिलाम हुने अवस्थामा पुगेको छ, यो बेला ज्येष्ठ नागरिकलाई ऊर्जा र प्रेरण भर्ने काम केन्द्रले गरेको छ ।'

यसैगरी, कार्यक्रममा बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामीले सन्तान वैदेशिक रोजगारमा जाँदा ज्येष्ठ नागरिकको हेरचाहमा समस्या भएको बताए । ज्येष्ठ नागरिकले सम्मान पाएमात्रै परिवार र समाज समृद्ध हुनसक्ने उनले बताए ।

ब्रम्हकुमारी राजयोग सेवा केन्द्रको क्षेत्रीय संयोजक शुशिला दिदीको अध्यक्षतामा भएको ज्येष्ठ नागरिक सम्मान कार्यक्रममा उनले ज्येष्ठ नागरिकको योगदानको सम्मान तथा कदर गर्ने प्रयास गरेको बताइन् ।

कार्यक्रममा केन्द्रको विभिन्न शाखाका सञ्चालकहरुको समेत उपस्थिति रहेको कार्यक्रम सञ्चालक बिकेमणि गुरुङले बताए । समाजमा सकारात्मक सन्देश प्रदान गर्न केन्द्रले महत्वपूर्ण योगदान गर्दै आएको सहभागीहरुले बताएका थिए । कार्यक्रममा वृद्धवृद्धाहरुको मनोरञ्जनको कार्यक्रम पनि प्रस्तुत गरिएको थियो ।

आयो है तिहार बम्पर अफर !

मासु प्रतिकेजी रू. ३००।-

शुभ दीपावली (तिहार)को अवसरमा चिकेन हाउस सगौरव प्रस्तुत गर्दछ:


कुखुराको मासु रू.३००।- प्रतिकेजी मात्र ।

साथै

१० केजी मासु खरिदमा १ क्रेट अण्डा सितैमा

५ केजीभन्दा माथिको खरिदमा **निःशुल्क होम डेलिभरी** सुविधा

यही २०८० कात्तिक १९ देखि २९ गतेसम्म




चिकेन हाउस

हेटौंडा-४, पारिजातपथ, ९८०११२१८३२, ९८५५०७९७४७

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

### जाजरकोट र रुकुम पश्चिम भूकम्प

# उद्धार, उपचार र राहतमा कमि नहोस्

शुक्रबार राति ११:४७ बजे जाजरकोटको बारेकोट गाउँपालिका-१, रामीडाँडा केन्द्र विन्दु भई ६ दशमलव ४ रेक्टरस्केलको भुकम्प गयो । भूकम्पबाट जाजरकोट र रुकुम पश्चिममा ठूलो जनधनको क्षति भएको छ । भूकम्पका कारण जाजरकोट र रुकुम पश्चिममा गरी हालसम्म एकसय ५७ जनाको मृत्यु भएको छ शनिबार साँझ ७ बजेसम्म दुबै जिल्लामा गरी एकसय ९७ जना घाइते भएका छन् । नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल भूकम्प प्रभावितको उद्धार तथा राहतमा जुटेको छ । घाइतेलाई उपचारका लागि नेपाली सेनाको हेलिकप्टरबाट नेपालगञ्ज, काठमाडौं तथा अन्य ठाउँमा ल्याउने क्रम जारी छ ।

भूकम्पका कारण शनिबार साँझसम्म जाजरकोटमा एकसय ५ जना तथा रुकुम पश्चिममा ५२ जनाको मृत्यु भएको छ । भूकम्पबाट जाजरकोटमा एकसय ५, रुकुम पश्चिममा ८५, दैलेख र बैतडीमा तीन-तीन तथा रोल्पामा एक जना घाइते भएका छन् । प्रभावित क्षेत्रमा उद्धार, उपचार र राहतका लागि एक हजार पाँच सयभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको छ । भूकम्प प्रभावित क्षेत्रमा नेपाली सेनाले उद्धार तथा राहतका लागि पाँचवटा हेलिकप्टर तथा जहाजको प्रयोग गरिएको नेपाली सेनाले जनाएको छ ।

कर्णाली प्रदेशअन्तर्गत् पर्ने उक्त प्रभावित क्षेत्रका भूकम्प पीडिहरुको उद्धार, राहत तथा पुनर्स्थापनाको लागि सहयोगहरु जुट्ने क्रम सुरु भइसकेको छ । शनिबार साँझसम्म नेपाल सरकारले दुबै जिल्लालाई प्रतिजिल्ला पाँच करोड रुपियाँका दरले सहयोग गर्ने निर्णय गरेको छ । बागमती प्रदेश सरकार ले डेढ करोड, लुम्बिनी प्रदेश सरकारले डेढ करोड सहयोगको घोषणा गरेको छ । यस्तै, अन्य निजी कम्पनीहरु तथा स्थानीय सरकारहरुले पनि सहयोगको हात अगाडि बढाउन सुरु गरेका छन् । भूकम्पबाट प्रभावितहरु यतिखेर चीसो मौसममा खुला आकाशमुनि आगो बालेर रात काट्न बाध्य भएको अवस्था छ । खानेकुराको अभाव पनि त्यत्तिकै रहेको पाइएको छ । त्यसैले, यस्तो अवस्थाबाट पीडितहरुलाई राहत दिन सबै क्षेत्रबाट त्रिपाल, ओढ्नेओच्छ्याउने, खाने र लत्ताकपडा उनीहरुको लागि आवश्यक देखिएको छ । त्यसको जोहो गर्न सरकार र निजी क्षेत्र सबैले आआफ्नो तर्फबाट सहयोग गरौं ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० कात्तिक २० गते सोमबार, ६ नोभेम्बर २०२४ । नवमी, कात्तिक कृष्णपक्ष । कौलागा ११४३ ने.सं. । सूर्योदय ६:१८, सूर्यास्त ५:१५ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : साझेदारी कार्यमा विवाद | **तुला** | : स्थानान्तरण हुनसक्ने |
| **वृष** | : दैनिक आयमा कमी | **वृश्चिक** | : दुस्चिन्ताले पिरोल्ने |
| **मिथुन** | : मांगलिक कार्य सम्पादन | **धनु** | : यात्रामा भयले सताउने |
| **कर्कट** | : कार्यमा बाधा | **मकर** | : उपचार खर्च वृद्धि हुने |
| **सिंह** | : आकस्मिक लाभ हुने | **कुम्भ** | : मानसम्मान मिल्ने |
| **कन्या** | : अर्थहानि हुने | **मीन** | : जोस एवम् जांगर बढ्ने |

# नेपाली डायस्पोरा र सिपाहीको मन



दीर्घबहादुर चन्द

नेपाली डायस्पोरा, गैरआवासीय नेपाली संघको एघारौं विश्व सम्मेलन विभिन्न कारणले विवादमा फस्यो। तीमध्ये एक कारण हो- नेकपा एकीकृत समाजवादीकी नेतृ तथा भूतपूर्व शहरी विकास मन्त्री रामकुमारी झाँक्री आयोजक पक्षबाट नै अपमानित भएपछि आक्रोशित मुद्रामा प्रस्तुत भइन्। उनले गैरआवासीय नेपालीको नागरिकता सम्बन्धी तिक्त टिप्पणीप्रति जस्तालाई त्यस्तै जवाफ दिएपश्चात् समग्र नेपाली सञ्चार क्षेत्र लगायत सामाजिक सञ्जाल तरंगित भयो। सम्बन्धित सबैले आफ्नो पक्षलाई पर्ने असर अनुसार नेतृ झाँक्रीलाई ताली र गाली पनि गरे। तीतो सत्यको सामना गर्ने हिम्मत जो-कोहीमा हुँदैन, जुन झाँक्रीले गरिन्।

उक्त सम्मेलनपछि भएको संघको निर्वाचन पनि विवादित बन्यो। नियोजित तरिकाले चुनाव जित्ने प्रमाण भेटिनु र गैरआवासीय नेपाली संघ टुक्रिनुले पनि झाँक्रीले भनेको कुरामा बल पुगेको छ। यहाँ भने चुनावी नतिजा र एनआरएन प्रवृत्तिभन्दा झाँक्रीको बहुचर्चित सम्बोधनमा डायस्पोराको साथै सिपाहीको सन्दर्भ उठेको र पंक्तिकार पनि पूर्वसैनिक भएकोले 'सिपाहीको मन' को आवाज प्रस्तुत गर्ने प्रयास गरेको छु।

**के हो नेपाली डायस्पोरा ?**

आफ्नो वास्तविक थातथलोबाट अन्यत्र स्थानमा छरिएर रहेका मानिसहरूलाई डायस्पोरा भनिन्छ। यस प्रसंगमा थातथलो भनेको देश र अन्यत्र भन्नाले विश्वका अन्य देशहरू बुझ्न सकिन्छ। सजिलो भाषामा भन्दा नेपालीहरू विश्वका अन्यत्र देशहरूमा उक्त देशको आवासीय अनुमति लिएर बसेका छन् भने उनीहरूलाई नेपाली डायस्पोरा भनेर बुझ्नुपर्ने हुन्छ।

विश्वमा विभिन्न राष्ट्रका अनेकौं डायस्पोरा छन् तिनमा विशेष गरेर इजरायली यहुदी, असिरियन, चाइनिज, स्कटिस, इन्डियन लगायत। विश्वमा सबैभन्दा धेरै करिब ३ करोड इन्डियन डायस्पोरा छन् भने यकिन तथ्यांक नभए पनि नेपाली जनसंख्याको ठूलो हिस्सा (झन्डै दुईतिहाइ) नेपाल बाहिर रहेको अनुमान गर्न सकिन्छ। डायस्पोराको लागि बसाईंसराइ लगायत विभिन्न असहज परिस्थिति, शरणार्थी हुनुपर्ने कारण आदिले आफ्नो थातथलो छोडेर बाहिर बस्नुपर्ने बाध्यता छन्। वर्तमान नेपाली डायस्पोराको परिस्थिति भिन्न छ। माथि उल्लेख गरिएका परि स्थिति भन्दा पृथक् अवस्थामा नेपालबाट विदेशमा अध्ययन, रोजगारीको खोजी, बन्दव्यापार, भ्रमण, सभा-सम्मेलन वा खेलकुद, धर्मान्तरण गरेर जाने, अमेरिकन भाग्यशाली चिठ्ठा (ईडीभी) भरेर आदि अनेक अवस्थामा नेपालीहरू कानुनी वा गैरकानुनी रूपमा विदेशिएका हुन्। हालका दिनहरूमा विदेशिने क्रम बढेको तथा देशको राजनैतिक नेतृत्व न सप्रिएमा भविष्यमा उक्त क्रम बढेर जाने निश्चित छ ।

२०८० असोजमा सरकारी तथ्यांक अनुसार राष्ट्रिय चाड बडादशैंको समयमा समेत ५६ हजार २३५ जना नेपाली युवा विदेशिएका छन् जुन कुनै पनि अर्थमा राम्रो संकेत होइन। आ.व. २०७९/८० मा १२ खर्ब २० अर्ब रुपैयाँ भन्दा बढी रेमिट्यान्स भित्रिएको थियो जुन नेपालको २०८०/८१ को बजेट १७ खर्ब ५१ अर्बको झन्डै दुई तिहाइ आकारको हुनआउँछ जसले नेपाली अर्थतन्त्रको रेमिट्यान्समा अत्यधिक निर्भरता जाहेर गर्दछ।

**कस्तो हुन्छ 'सिपाहीको मन' को आवाज ?**

सिपाहीको मन जान्नुभन्दा पहिले सिपाही के हो बुझ्नु जरूरी छ। साधारण अर्थमा जनता र मातृभूमिको रक्षार्थ शत्रुसँग लड्दालड्दै वीरगति प्राप्त गर्न पनि पछि नपर्ने देशभक्त, इमानदार, प्रतिबद्ध, साहसी, निडर, प्रेरित, समर्पित, त्यागी, निष्ठावान, अनुशासित र वीर योद्धालाई सिपाही भनिन्छ।

खासगरी गैरआवासीय नेपालीलाई लक्षित गरी दिएको अभिव्यक्ति गैरआवासीय नेपाली र तिनमा आश्रित परिवारलाई पक्कै पनि राम्रो लागेको छैन। सुरक्षाफौजमा आबद्ध व्यक्तिहरूलाई पनि सिपाहीको स्तर भन्ने अभिव्यक्तिले मन पोलेकै हुनुपर्छ। सिपाहीको कुनै लिङ्ग हुँदैन, सिपाही महिला वा पुरुष जो पनि हुन सक्दछ। सिपाही दर्जा पाउनको लागि देशको सुरक्षाफौजमा आबद्ध हुनु जरूरी छ तर देशको वास्तविक सिपाही हुन कुनै दर्जाको आवश्यकता पर्दैन। माथि उल्लेख गरिएका गुणहरूले युक्त व्यक्ति जुनसुकै कार्यक्षेत्रबाट पनि देशको वास्तविक सिपाहीको भूमिका वहन गर्न सक्दछन्।

कुनै पनि राजनैतिक पार्टीका कार्यकर्ता हुन् वा कुनै अभियन्ता वा कुनै संस्थासँग आबद्ध व्यक्ति, उनीहरूले आफ्नो प्रतिबद्धता व्यक्त गर्न आफू सम्बन्धित पार्टी, संस्था वा अभियानको सिपाही भएको कुरा गर्दछन्। यहाँ सिपाहीलाई आलंकारिक रूपमा प्रयोग गरिएको हुन्छ। सिपाहीले मन, मुटुबाट काम गर्छ तसर्थ, सिपाही हुन बुद्धि विवेकभन्दा पनि मुख्यतया सिपाहीको मन अर्थात् इमानदारी, समर्पण र त्यागको जरुरत पर्दछ। यी गुणहरू भए माथि उल्लेखित गुणहरू स्वत: विकसित हुन्छन् र एक निष्ठावान सिपाहीको जन्म हुन्छ। सिपाही हुँ भन्नु र वास्तवमै सिपाही हुनु पौडी विषयमा विद्यावारिधि गर्नु र उर्लिएको नदीमा पौडी खेलेर पार गर्नु जति नै फरक कुरा हो।

सबै स्वस्थ व्यक्तिको बुद्धि बराबर हुन्छ तर उक्त बुद्धि केका लागि प्रयोग भएको छ भन्ने कुरा महत्वपूर्ण हुन्छ। नत्र कक्षामा कमसल ठहरिएका विद्यार्थी वास्तविक जीवनमा कदापि सफल हुने थिएनन्। अधिकांश सफल र चर्चित व्यक्तिहरू आफ्नो स्कुले जीवनमा अब्बल विद्यार्थी थिएनन्। महात्मा गान्धी, नेपोलियन बोनापार्ट, साम मानिक्सा, बेन्जामिन फ्रान्क्लिन, बिल गेट्स, स्टिभ जब्स, वाल्ट डिस्ने, चार्ल्स डिकेन्स आदि अनेकौं चर्चित व्यक्तिहरू आफ्नो जीवनमा सफल तर कक्षामा कमसल विद्यार्थी थिए।

तसर्थ कुनै व्यक्ति कमसल बुद्धि भएर सिपाही हुँदैन तर निजमा माथि उल्लेखित अति आवश्यक गुण र क्षमता भएर मात्र सिपाही हुन्छ। सिपाही हुनेले आफ्नो जीवन देश र जनताको लागि आहुति गर्ने शर्तलाई आफ्नो जीवनको लक्ष्य बनाउँछ। हाल संसारमा जति पनि देशहरू बनेका छन् ती सबै सिपाहीको मनको आवाजका प्रतीक हुन्। भन्नुको तात्पर्य देशभक्त र मातृभूमिका पुजारीले मात्र देश बनाउन सक्छन्। हाम्रा पौराणिक कथा लगायत विभिन्न धर्म ग्रन्थ र इतिहासले देखाएको तथ्य अनुसार देश निर्माणार्थ र धर्म रक्षार्थ सिपाहीहरू जन्मेका हुन्। देश, धर्म, कला, संस्कृति र सभ्यताको निर्माण, रक्षा र विकास सिपाही र सिपाहीको मन विना सम्भव भएको छैन।

**डायस्पोरा र संशोधित नागरिकता ऐन**

गैरआवासीय नेपाली नागरिकता भनेको दोहोरो नागरिकता होइन। पूर्वनेपाली नागरिक वा पूर्वनेपाली नागरिकको सन्तान भएको नाताले कुनै नेपाली मूलको विदेशी नागरिकले आर्थिक, सामाजिक वा सांस्कृतिक अधिकार उपभोग गर्ने गरी नेपाल राष्ट्रले दिने भनेको प्रमाण नै गैर आवासीय नेपाली नागरिकता हो।

संशोधित नागरिकता ऐनमा 'विदेशी मुलुकको नागरिकता प्राप्त गरी सार्क सदस्य राष्ट्रबाहेकका देशमा बसोबास गरेको र साविकमा वंशजको वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रहेपछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उपभोग गर्न पाउने गरी गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्ने' व्यवस्था छ।

सरल भाषामा भन्दा गैरआवासीय नेपाली नागरिकले नेपालमा चुनाव लड्न, मतदान गर्न, सरकारी सेवामा आबद्ध हुन र नेपाली राहदानी पाउनबाट वञ्चित रहनेछन् तर सामाजिक, आर्थिक र सांस्कृतिक गतिविधिहरू प्रचलित ऐननियम अनुसार निर्धक्क गर्न पाउनेछन्।

**झाँक्रीको अभिव्यक्ति**

झाँक्रीले उक्त विश्व सम्मेलनको प्यानल डिस्कसनको दौरान गैरआवासीय नेपालीलाई केही सवाल गरेसँगै सोल्जर भन्दा माथिको सोच बनाउन नसकेको कुरा केही अशिष्ट शैलीमा अभिव्यक्त गरेकी थिइन्। उक्त अभिव्यक्ति गलत कि सही, स्पष्ट जवाफ हुँदैन। किनकि समाजशास्त्र अनुसार यस्तो उचित वा यस्तो अनुचित भन्न सकिंदैन। मानव प्रकृति अनुसार उनको अभिव्यक्तिले जसलाई सन्तुष्टि दियो उसलाई उचित लाग्यो र जसको मन पोल्यो उसलाई किमार्थ उचित लागेन। उचित र अनुचित पनि अवस्था र मनोदशाले निर्धारण गर्दछ।खासगरी गैरआवासीय नेपालीलाई लक्षित गरी दिएको अभिव्यक्ति गैर आवासीय नेपाली र तिनमा आश्रित परिवारलाई पक्कै पनि राम्रो लागेको छैन। सुरक्षाफौजमा आबद्ध व्यक्तिहरूलाई पनि सिपाहीको स्तर भन्ने अभिव्यक्तिले मन पोलेकै हुनुपर्छ।

झाँक्रीले अवस्था अनुसार अभिव्यक्ति दिंदा समाजमा प्रचलित बोलीचालीको भाषा प्रयोग गरिन् जुन सत्य हुँदाहुँदै पनि आलोचित बन्यो। यसै सन्दर्भमा आलंकारिक रूपमा सोल्जर शब्दको प्रयोग गर्दा सुरक्षाफौजमा आबद्ध हामी सबै मर्माहत भएकै हौं। सिपाहीले दिएको आदेशको पालना गर्ने र दायाँ-बायाँ नसोच्ने यथार्थ हो, सिपाहीले आफ्नो जीवनको आहुति दिने लक्ष्य भन्दा फरक नसोच्ने भएकोले नै आफूलाई विवेकशील र बुद्धिजीवी भन्ने जमातले सिपाहीलाई कमसल बुद्धि भएको मान्न सक्दछन्।

हाम्रा अधिकांश डायस्पोराहरूले विदेशमा आफ्नो कामको सुरुवात होटल रेस्टुरेन्ट वा त्यस्तै सजिलै उपलब्ध हुने कामबाटै गरेको पनि यथार्थ नै हो। तसर्थ, एक अनुशासित 'सिपाहीको मन' को आवाज अनुसार नेतृ झाँक्रीले उक्त सम्बोधनमा भनेको यथार्थ हो। तर देशको पूर्वमन्त्रीले बोल्ने भाषाशैली कति माथि उठेको देखियो ? काम र पेशालाई बुझ्ने हाम्रो नेतृत्वको तरिका यही हो त ? यो पक्षबाट समीक्षा गरी भूल सुधार गर्दै सम्बन्धित सबै पक्षलाई उक्त अभिव्यक्तिले पर्न गएको चोटप्रति क्षमायाचना अपेक्षित छ।

(राजनीतिशास्त्रमा स्नातकोत्तर लेखक नेपाली सेनाका अवकाशप्राप्त प्रमुख सेनानी हुन्।)

*साभार: अनलाइनखबर*

# यसरी फैलिन सक्छ पश्चिम एसियामा युद्धको ज्वाला

## इरान, अमेरिका मात्र होइन, साउदी अरब पनि तानिन सक्छ युद्धमा यसरी फैलिन सक्छ पश्चिम एसियामा युद्धको ज्वाला



गिडियन राकमन

जर्मनी र रुसका सम्राटको संवादले रोक्न सकेन प्रथम विश्वयुद्ध, साउदी र इरानको वार्ताले रोकिएला ? पहिलो विश्वयुद्धको सुरुवातलाई लिएर इतिहासकारहरु अझै पनि चकित पर्ने गर्छन् । जुन १९१४ मा साराएभोमा एक जना अस्ट्रियन आर्कड्युकको हत्याले केही हप्तामै कसरी त्यत्रो युद्ध सुरु गर्न सक्छ ? जसमा युरोपका हरेक प्रमुख शक्ति र अन्तत: अमेरिका पनि सामेल भयो ।

यो प्रश्न खासगरी हैरान बनाउने खालको छ । किनभने युद्धमा सामेल मुलुकका थुप्रै नेताहरुले युरोपव्यापी युद्ध टार्न निकै ठूलो प्रयास गरेका थिए । युद्ध सुरु हुनुअघिको महिना दिन लामो तनावलाई कम गर्ने कोसिसमा जर्मनी र रुसका सम्राटहरुले अनेकौं सन्देश आदानप्रदान गरेका थिए । तर, उनीहरु असफल भएनन् ।

त्यस्तै, खालको तनाव नचाहँदा नचाहँदै अहिले पश्चिम युरोप (मध्यपूर्व) मा बढिरहेको छ । गाजामा जारी लडाइँ यति भयानक छ कि धेरैको ध्यान अहिले त्यहींको लडाइँमा मात्र केन्द्रित छ । तर, पश्चिमा नीतिनिर्माताहरुको ध्यान भने विस्तृत क्षेत्रमा फैलिएको छ । खासगरी मध्यपूर्वव्यापी युद्धको खतरामा । जुन युद्धमा इरान, अमेरिकामात्र होइन, साउदी अरब पनि तानिने सम्भावना छ ।

बाइडेन प्रशासनका लागि मध्यपूर्वव्यापी युद्धको खतरा यो समग्र संकटको सबैभन्दा ठूलो चुनौती बनेको छ । वासिङ्टनका एक भित्रिया भन्छन्, 'सबै मुलुकको आआफ्नै थ्रेसहोल्ड छन् । ती थ्रेसहोल्ड पार भए कदम चाल्नैपर्ने उनीहरुको विश्वास छ । तर, कुनै पनि मुलुकलाई अर्को पक्षको थ्रेसहोल्ड के हो भन्ने थाहा छैन ।'

गत सप्ताहन्तमा इरानले स्पष्ट धम्की दियो कि उसको थ्रेसहोल्ड पार हुन



पहिलो विश्वयुद्धअघि रुसी र जर्मन सम्राटहरुजस्तै इरानी र साउदी नेताहरु विनाशकारी युद्ध टार्न आपसी बातचितका लागि तयार छन् । तर, १९१४ मा त्यो सफल भएन । आशा गरौं, यसपटक हुनेछ ।

लाग्दैछ । इरानी राष्ट्रपति इब्राहिम रइसीले एक्समा लेखेका छन्, 'गाजामा इजरायलको कारबाहीले सीमा नाघेको छ । जसले हरेकलाई कदम चाल्न बाध्य पार्नेछ । वासिङ्टन हामीलाई केही नगर्न भन्छ तर, उनीहरु इजरायललाई भने समर्थन गरिरहन्छन् ।'

उसोभए, संकट कसरी बढ्दै जाला त ? एउटा संकेत गतसाता देखियो । अमेरिकाले सिरियामा इरानसमर्थित मिलिसियामाथि बम बर्सायो । इराक र सिरियामा इरानसमर्थित लडाकुहरुले अमेरिकी सेनामाथि गरेको आक्रमणको बदला लिइएको वासिङ्टनको भनाइ थियो । त्यस्तो आक्रमण जारी रहे र अमेरिकी सैनिक मारिए अमेरिकाको जवाफ झन् उग्र हुनेछ ।

लेबनानमा सञ्चालित इरान समर्थित लडाकु समूह हिजबुल्लाहको भूमिका महत्वपूर्ण छ । हिजबुल्लाहले इजरायलमाथिको आक्रमण बढाउन सक्छ । उसँग अचुक निसानामा मार हान्नसक्ने क्षेप्यास्त्रहरु छन् । जसले इजरायलको अधिकांश जनसंख्यालाई सुरुङमा आश्रय लिन बाध्य पार्न सक्छ ।

इजरायलका प्रधानमन्त्री बेन्यामिन नेतन्याहुले लेबनानी भूमिबाट आफूमाथि आक्रमण भए सो मुलुकको 'विनाश' गर्ने धम्की दिएका छन् । तर, हिजबुल्लाहले हार्ने खतरा भए इरानले आफ्नो इस्लामिक रिभोलुसनरी गार्ड कर्प्सका सैनिकलाई हिजबुल्लाहको सहयोगमा पठाउनेछ । यस्तो अवस्थामा इराजयलले लेबनानका साथै इरानमै पनि इरानी सेनामाथि आक्रमण गर्नसक्छ ।

हिजबुल्लाह युद्धमा सहभागी भए इरानका अरु प्रोक्सीहरु पनि लडाइँमा सामेल हुन सक्छन् । तिनले इजरायली र अमेरिकी ठेगानालाई निसाना लगाउन सक्छन् । त्यसपछि इरानले बेलाबखत धम्की दिएझैँ होर्मुज जलसन्धि बन्द गराउन सक्छ । जहाँबाट विश्वको अधिकांश तेल ओसारपसार हुने गर्छ । त्यसले विश्व अर्थतन्त्रलाई डुबाउने छ नै, साउदी अरबमाथि पनि सीधा खतरा उत्पन्न गर्नेछ ।

त्यसबेला अमेरिकी नौसेनाले होर्मुज जलसन्धि खुलाउने प्रयास गर्नसक्छ । तर, इरान र उसका प्रोक्सीले त्यसको प्रतिकार गर्नसक्छन् । यो क्षेत्रभरि नै अमेरिकी सैनिक छन्, जो तिनको निसानामा पर्नसक्छन् । बहराइन, यूएई, कतार, सिरिया र इराकमा अमेरिकी सेना छन् ।

अमेरिकी खासगरी यमनको हुथी समूहलाई नियालिरहेका छन् । साउदी अरबसँगको क्रुर युद्धमा सो समूहलाई निसाना बनाइएको थियो । हुथी लडाकुहरुले गत साता इजरायलतर्फ रकेट प्रहार गरेका थिए । तिनले विगतमा साउदी तेल प्रशोधन केन्द्रहरुमा आक्रमण पनि गरेका थिए । एकाध सटीक क्षेप्यास्त्रहरुले नै साउदी अरबको राजधानी रियादमा पानी आपूर्ति गर्ने केन्द्र ध्वस्त पार्न सक्छ ।

यस्तो खालको द्वन्द्व विस्तार भए त्यो युद्धमा सहभागी हरेकका लागि प्रलयकारी हुनेछ । सबैलाई यो कुरा थाहा छ । तैपनि यस्तो हुनसक्छ । किनभने सबै पक्ष के ठान्छन् भने कुनै खास घटना हुँदा त्यसको प्रतिक्रिया नदिनु उनीहरुका लागि खतरनाक हुनेछ ।

निकासको भरपर्दो योजनाबिनै इजरायलले गाजामाथि आक्रमण गरेको छ । किनभने उसले गाजामा निरोधको अवस्था पुनर्स्थापित गर्नैपर्ने महसुस गरेको छ । इरानलाई पनि आफू र आफ्ना सहयोगीको साथ प्यालेस्टाइनीहरुलाई छ भन्ने देखाउनै परेको छ । अमेरिका आफ्ना सैनिकमाथि आक्रमण भए जोडदार जवाफ दिनैपर्छ भन्ने ठान्छ ।

तर, सो क्षेत्रमा सबै शक्ति आत्तिएका भने छैनन् । रियादमा गत साता मैले केही उच्च अधिकारीहरुलाई भेटेँ, जो ऐतिहासिक रुपमै अस्थिर क्षेत्रमा यो अर्को एउटा संकट मात्र हो भन्नेमा विश्वस्त छन् । साउदीको महत्वाकांक्षी एजेन्डा भिजन २०३० आफ्नै लयमा अघि बढिरहेको उनीहरुको जोड छ ।

तर, सब ठिकठाक छ भन्ठान्ने रियादको भिडले बालुवामा मुन्टो गाडेको छ । मुलुकका शासक युवराज मोहम्मद बिन सलमान क्षेत्रीय युद्धको खतराप्रति निकै चिन्तित छन् । उनका एक विश्वासपात्र भन्छन् 'इजरायलमाथि दबाब दिन अमेरिकीहरुलाई दबाब दिनु' सलमानको रणनीति हो । अमेरिकीहरुको आशा चाहिँ के छ भने साउदी, कतार र चीनले समेत इरानलाई सम्झाऊन् र संयम अपनाउन लगाऊन् ।

यो संकटले साउदी युवराज र इरानी राष्ट्रपतिबीच अभूतपूर्व संवाद् गराइसकेको छ । पहिलो विश्वयुद्धअघि रुसी र जर्मन सम्राटहरुजस्तै इरानी र साउदी नेताहरु विनाशकारी युद्ध टार्न आपसी बातचितका लागि तयार छन् । तर, १९१४ मा त्यो सफल भएन । आशा गरौं, यसपटक सफल हुनेछ ।

*(फाइनान्सियल टाइम्सबाट)*

# नेपाली फिल्ममा हिरो मिसिङ भइरहेको छ, भएका पनि झगडा गरेर हराए: रेखा




*फिल्म 'उपहार'को पत्रकार सम्मेलनमा अभिनेत्रीहरु (बायाँबाट क्रमश:) बेनिशा हमाल, रेखा थापा र पूजा शर्मा*

काठमाडौं/ सम्भवत: रेखा फिल्म्स धेरै 'हिरो' जन्माउने ब्यानरमध्ये पर्छ । रेखा स्वयम्ले पनि 'हिरो'बाटै अभिनय करिअर थालिन् । यो शब्दसँग उनको अनुराग र अभिरुचि परिचित नै छ । घरेलु फिल्ममा 'हिरोइनइज्म'लाई स्थापित गर्ने श्रेय पनि रेखालाई जान्छ ।

उनै रेखा शुक्रबार आफ्नो पछिल्लो फिल्म 'उपहार'को गीत सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा हिरो र कलाकारको आयामबारे सुनिइन् । पछिल्लो समय कलाकारको लहर आएको बताउँदै उनले यो परिस्थितिमा आफूहरुले सानैदेखि हेर्दै आएको हिरो मिस भइरहेको टिप्पणी गरिन् ।

उनले भनिन्, 'अहिलेको जेनेरेसनमा हिरोभन्दा पनि कलाकार स्थापित भइराखेका छन् । जस्तै मुकुन भुसाल भयो, दयाहाङ राईहरु भए । एउटा राम्रो प्रकारको वेभ आएको छ । हिरो मिस भइराख्या छ ।'

हिरोहरु पनि आफैं-आफैं झगडा गरेर मिस भइराखेको भन्दै रेखाले कटाक्ष गरिन् । उनले भनिन्, 'हिरोहरु पनि आफैं-आफैं झगडा गरेर मिस भइराख्या छ । त्यो भीडमा पनि साँच्चिकै हिरोजस्तो देखिने हिरो अहिले आएको मैले महसुस गऱ्या छु ।'

पछिल्लो समय हिरोमाथि कलाकारको दबदबा रहेको रेखाको विश्लेषण छ । 'अहिले हिरोको परिभाषा परिवर्तन भएको छ । हिरो भन्नेबित्तिकै हामी त बच्चादेखि भुवन केसीहरु, राजेश हमालहरु हेर्दै आएको । हिरो भन्नेबित्तिकै उनीहरुको चित्र आउँथ्यो । बीचमा अर्को जेनेरेसनमा आउँदा अर्कै अर्कै भयो । हिरोको अभाव खड्किएको थियो । कलाकार त छ्यापछ्याप्ती नै भए अहिले, यो राम्रो कुरा हो,' उनले भनिन् ।

कलाकारले पनि फिल्म चल्छ भन्ने पुष्टि पछिल्ला समयका फिल्मले पुष्टि गरेको रेखाको कथन छ । 'कलाकारले पनि फिल्म चलाउँछ । कलाकारको अभिनयको कारणले पनि फिल्म चल्छ भन्ने पुष्टि भइसक्या छ । हालसालैको फिल्म पनि हेर्न सक्नुहुन्छ । तर, त्यसमा हामीले सानोमा हेरिरहेको हिरो मिस भइराख्या थियो,' उनले भनिन् ।

'उपहार'ले घरेलु फिल्ममा मिसिङ भइराखेको हिरोलाई परिपूर्ति गर्ने भन्दै रेखाले डेब्यु अभिनेता समर्पणजंग कार्कीको प्रशंसासमेत गरिन् । 'मलाई जहाँसम्म लाग्छ, अबको उपहारले चाहिं मुकुनजीजस्तो स्थापित, बबाल एक्टिङ गर्ने हिरो कलाकार र समर्पणजस्तो हिरो देखिने हिरो पनि देख्न पाउनुहुन्छ,' उनले फिल्मबारे भनिन् ।

फागुन २५ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्ममा रेखा स्वयम्को शीर्ष भूमिका छ । यो फिल्मलाई ज्ञानेन्द्र देउजाले निर्देशन गरेका हुन् । यसमा पूजा शर्मा, बेनिशा हमाल, मुकुन भुसाल, तेज गिरी र समर्पणको समेत अभिनय छ ।

# भूकम्प प्रभावित क्षेत्रमा वर्षाको सम्भावना छैन: *मौसमविद*

साझाकुरा संवाददाता

काठमाडौं, १८ कात्तिक/ जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले भूकम्प प्रभावित जाजरकोट र रुकुम पश्चिम जिल्लामा वर्षाको सम्भावना नरहेको जनाएको छ । आजदेखि दुई-तीन दिनसम्म बादल लागे पनि पानी भने नपर्ने मौसमविद् गोविन्द झाले जानकारी दिए ।

'हामीले तीन दिनसम्मको मौसम पूर्वानुमान गर्छौं, अहिलेको अवस्था हेर्दा भूकम्प प्रभावित जिल्लामा दुई-तीन दिनसम्म पानी पर्ने सम्भावना देखिएको छैन,' उनले भने ।

राति बादल कम हुने र दिउँसोतिर बढ्ने भन्दै उनले रुकुम पश्चिम र जाजरकोटमा पानी पर्ने र हिमपात हुने सम्भावना नरहेको बताए ।

मौसमविद् झाका अनुसार उच्च पहाडी र हिमाली भेगमा भने फाट्टफुट्ट हिमपातको सम्भावना छ । 'तर डिस्टर्ब नै हुने गरी हिमपात हुँदैन,' उनले भने । हाल नेपालमा पश्चिमी वायुको आंशिक प्रभाव रहेको छ । हाल देशको पहाडी भू-भागमा आंशिक बदली रही बाँकी भू-भागको मौसम सामान्यतया सफा छ ।

मध्ये र पूर्वी नेपालका केही जिल्लाहरुमा भने बदली र हल्का वर्षा भएको छ । पछिल्लो एक घण्टामा संखुवासभा, खोटाङ, दोलखा, सिन्धुपाल्चोक, लम्जुङ र म्याग्दी तथा ती जिल्लाका आसपासमा हल्का वर्षा भएको मौसमविद् झाले जानकारी दिए ।

शुक्रबार राति ११ बजेर ४७ मिनेट जाँदा जाजरकोटको बारेकोट गाउँपालिका-१ रामीडाँडा आसपास केन्द्रविन्दु भएर ६.४ म्याग्निच्युडको भूकम्प जाँदा रुकुम पश्चिम र जाजरकोटमा ठूलो मानवीय र भौतिक क्षति पुगेको छ ।

# सरकारले रुकुम पश्चिम र जाजरकोटमा तत्काल ५/५ करोड रुपैयाँ पठाउने

## एक करोड ५० लाख आर्थिक सहयोग गर्ने लुम्बिनी सरकारको निर्णय

साझाकुरा संवाददाता




काठमाडौं/ सरकारले पश्चिम नेपालका पश्चिम रुकुम र जाजरकोटमा आएको विनासकारी भूकम्प प्रभावितको खोज/उद्धार र राहत व्यवस्थापनका लागि तत्काल १० करोड रुपैयाँ पठाउने निर्णय गरेको छ । उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठको अध्यक्षतामा बसेको बैठकले भूकम्प प्रभावित दुवै जिल्लामा प्रतिजिल्ला ५/५ करोड रुपैयाँ पठाउने निर्णय भएको हो ।

गृह मन्त्रालयका सूचना अधिकारी उमाकान्त अधिकारीका अनुसार विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत् हाललाई उक्त रकम पठाउने निर्णय भएको हो । उक्त रकम जिल्ला विपद् व्यवस्थापन समितिमार्फत् खर्च हुनेछ ।

सूचना अधिकारी अधिकारीका अनुसार हालसम्म जाजरकोटमा ९५ र पश्चिम रुकुममा ४३ जनाको मृत्यु भएको पुष्टि भएको छ । त्यस्तै, जाजरकोटमा १ सय ५० र रुकुममा १ सय ४४ जना घाइते भएका छन् । घाइतेमध्ये सुर्खेतमा १५ र नेपालगञ्जमा १९ जनाको उपचार भइरहेको गृह मन्त्रालयले जनाएको छ ।

शुक्रबार राति आएको विनासकारी भूकम्पबाट क्षति भएको स्थानमा खोज/उद्धार र राहत व्यवस्थापनमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीसहितका संयन्त्र खटिएका छन् ।

यसैगरी, जाजरकोटको भूकम्पका पीडितहरुलाई लुम्बिनी प्रदेश सरकारले राहतस्वरुप कर्णाली प्रदेश सरकारलाई एककरोड ५० लाख रुपैयाँ आर्थिक सहयोग गर्ने भएको छ ।

लुम्बिनी प्रदेश सरकारको दाङको तुल्सीपुरमा मुख्यमन्त्री डिल्लीबहादुर चौधरीको अध्यक्षतामा बसेको आकस्मिक बैठकले शुक्रबार राति जाजरकोटको रामीडाँडा केन्द्रविन्दु गएको कर्णाली प्रदेशको जाजरकोट र रुकुम पश्चिममा गएको भूकम्पबाट पीडितका लागि राहत आर्थिक रकम उपलब्ध गराउने निर्णय गरेको हो । शुक्रबार बिहानै लुम्बिनीका मुख्यमन्त्री चौधरीले कर्णालीका मुख्यमन्त्री राजकुमार शर्मासँग छलफल गरी दाङका मेडिकल सुपरिटेन्डेट डा. पदमराज अधिकारीको नेतृत्वका २० जना स्वास्थ्यकर्मी र औषधिसहितको टोली जाजरकोट र रुकुमका लागि पठाएका थिए ।

लुम्बिनीको गृहमन्त्री सन्तोषकुमार पाण्डेको नेतृत्वका स्वास्थ्यकर्मी र औषधि सामग्री सहितको टोली भूकम्पग्रस्त क्षेत्रमा पठाई सहयोग र समन्वय गर्ने बैठकले निर्णय गरेको छ । साथै लुम्बिनी प्रदेश सरकारको तर्फबाट तत्कालीन चिकित्सक, स्वास्थ्यकर्मी, अत्यावश्यक औषधोपचार, सामग्री, खाद्य तथा गैरखाद्य सामग्री उपलब्ध गराई विपदको आपतकालीन अवस्थामा सहयोग गर्ने र यस कार्यमा प्रदेशका सम्बद्ध निकाय मुख्यमन्त्री मन्त्रिपरिषद्को कार्यालयको समन्वयमा परिचालन गर्ने निर्णय गरेको मुख्यमन्त्री कार्यालयका निमित्त प्रमुख सचिव सुमन घिमिरेले जानकारी दिए ।

भूकम्पबाट लुम्बिनी प्रदेशको रुकुमपूर्वलगायतका जिल्लामा भएको जनधनको क्षतिको विवरण लिन प्रदेश गृह मन्त्रालयले टोली खटाई जिल्ला प्रशासन कार्यालयको समन्वयमा प्रतिवेदन लिई उद्धार, राहत र पुनर्स्थापनाको व्यवस्था मिलाउने निर्णय भएको घिमिरेले बताए ।

# भूकम्प प्रभावित जिल्लाका कर्मचारी तत्काल बिदामा बस्न नपाउने

काठमाडौं, १८ कात्तिक/ भूकम्प प्रभावित जिल्लाका कर्मचारीहरु तत्कालका लागि बिदामा बस्न नपाउने भएका छन् ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले शनिबार एक विज्ञप्ति जारी गर्दै भूकम्प प्रभावित जिल्लाका स्थानीय तहमा कार्यरत् प्रमुख प्रशासकीय अधिकृतसहित अन्य कर्मचारीहरुलाई तत्काल बिदामा नबस्न निर्देशन दिएको हो ।

'भूकम्प प्रभावित जिल्लाका स्थानीय निकायमा कार्यरत् प्रमुख प्रशासकीय अधिकृत तथा अन्य कर्मचारीहरु बिदामा भएमा यथाशीघ्र आफ्नो कार्यालयमा हाजिर भई कामकाजमा खटिनुहुन र तत्काल बिदामा नरहन हुनसमेत निर्देशन गरिएको छ,' विज्ञप्तिमा भनिएको छ ।

जाजरकोटको बारेकोट गाउँपालिका-१ स्थित रामीडाँडा केन्द्रविन्दु बनाएर गएको ६.४ रेक्टर स्केलको भूकम्पबाट जाजरकोट, रुकुम पश्चिम र सल्यानसहित जिल्लाका क्षेत्रमा धेरै जनधनको क्षति भएको मन्त्रालयले बताएको छ ।

# भूकम्प प्रभावितको उद्धारमा परिचालित जहाज र हेलिकप्टरको इन्धन आयल निगमले बेहोर्ने

काठमाडौं, १८ कात्तिक/ नेपाल आयल निगम लिमिटेडले भूकम्प प्रभावितको उद्धारमा परिचालन भएका हवाई जहाज र हेलिकप्टरकोमा प्रयोग हुने इन्धन खर्च बेहोर्ने घोषणा गरेको छ ।

निगमले शनिबार एक विज्ञप्ति जारी गर्दै विपद्को घडीमा भूकम्प प्रभावित क्षेत्रमा राहत तथा उद्धार कार्यमा खटिएका नेपाल एयर लाइन्स र नेपाली सेनाको हवाइजहाज एवम् हेलिकप्टरमा प्रयोग हुने हवाई इन्धनवापतको खर्च बेहोर्ने घोषणा गरेको हो ।

आर्थिक वर्ष २०८०/८१ को संस्थागत सामाजिक उत्तरदायित्व शीर्षकबाट उक्त खर्च बेहोर्ने निर्णय भएको निगमले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

# मासुको प्रयोग नगर्नुमात्र शाकाहार होइन

**डा. नरनाथ पाण्डे**

मानिसले सेवन गर्ने आहारका सम्बन्धमा विभिन्न खोज र अनुसन्धान भएका छन् । मानिसले खान हुने र नहुने खाद्यपदार्थ, त्यसका प्रकार, सबै किसिमका खाद्यपदार्थका गुण, अवगुण, पौष्टिक मात्रा, पाचन प्रक्रिया, अवशोषण र निष्काशनसम्म सबै तथ्यहरूको खोज तथा अनुसन्धानले गर्दा मानिसले आफूले चाहेअनुसार र आफ्नो स्वास्थ्यलाई ख्याल राख्दै खाना खान सक्ने भएको छ ।

हाम्रो देशमा विभिन्न हावापानी र कृषि उब्जनि अनुसार विभिन्न स्थानका बासिन्दाहरूले नियमित खाने खानाको प्रकार फरक खालको पाइन्छ भने हाम्रा विभिन्न चाडबाडहरूमा नेपाली संस्कृतिअनुसार खाना खाने प्रचलन फरक-फरक रहेको पाइन्छ ।

वर्षका सबैभन्दा ठूला नेपाली चाडपर्वहरूमध्ये दशैं र तिहार मुख्य चाडबाड हुन् भने धार्मिक र सांस्कृतिक प्रचलनअनुसार अन्य चाडपर्व पनि फरक-फरक तरिकाले मनाउने गरिन्छ । नेपाली चलन अनुसार दशैंलाई बडादशैंसमेत भनिन्छ जुन भर्खरै मनाइएको छ र यो पर्वमा शक्तिकी देवी दुर्गाले असुर शक्तिलाई रौद्ररूप देखाई संहार गरेर परास्त गरेपछि बिजय उत्सवको रूपमा मनाउने चलन छ । भयङ्कर स्वरूपकी दुर्गा देवीलाई नारीशक्तिको सामर्थ्यका रूपमा समेत हेर्ने गरिन्छ । त्यसकारण यस पर्वमा विशेष गरी दुर्गादेवीका मठ र मन्दिरहरूमा देवीलाई खुशी पार्न भनेर पशुबलि समेत दिने गरिन्छ ।

पशुबलि दिनु कति हद्सम्म राम्रो हो वा होइन, दुर्गादेवीले पशु हत्यालाई मन पराउँछिन् कि पराउँदिनन्, उनले पशुबलिबाट दिइएको रगत खाने गर्छिन् वा गर्दिनन् र पशु अधिकारको संरक्षण कसरी गर्ने भन्ने छुट्टै विषयको बहस बन्ला तर, यहाँ दशैंमा बलि चढाएर वा नचढाएरै वा नियमितरूपमा मासु खानु कति उचित छ वा छैन भन्ने सन्दर्भमा विश्लेषण गरी यो आलेख तयार गरिएको छ ।

**विभिन्न प्राणीको खाना खाने प्रकृति**

प्रकृतिका आधारमा संसारका विभिन्न सजीव प्राणीले आफ्नो खाद्यपदार्थ फरक-फरक तरिकाले खान्छन् । मानिस एउटा त्यस्तो प्राणी हो जसले खाद्यपदार्थलाई पकाएर खान्छ भने अन्य कुनैपनि प्राणीले खाना प्रकृतिले दिएकै स्वरूपमा खाने गर्छन् । खाना खाने स्वरूपअनुसार यस प्रकृतिमा निम्न तीन प्रकारका प्राणी पाइन्छन् । मासुमात्र खाने, अरू केही नखाने मांसाहार प्राणी हुन् भने अन्न वा वनस्पति वर्गमात्र खाने शाकाहार प्राणी हुन् । त्यस्तै, वनस्पति, मासु तथा अन्न सबै खाने सर्वहारी प्राणी हुन् ।

यी तीन प्रकारका प्राणीमध्ये मानिस सर्वहारी प्राणी हो । किनकि मानिसले जनावरजन्य मासु र अन्य उत्पादन तथा वनस्पति वर्गबाट प्राप्त हुने खाद्यपदार्थ सबै खाने गर्दछ । संसारका अधिकांश मानिस सर्वहारी छन् तर, केही मानिस शाकाहारी पनि छन् र धेरैले मानिस स्वभावैले र प्रकृतिले बनाएको आधारमा मांसाहारी हुनै सक्दैन र मानिस शाकाहारी नै हो तर, मांसाहार सेवन गर्नु मानिसका लागि राम्रो होइन भन्ने गर्छन् । वास्तवमा मानिस कस्तो प्राणी हो त भन्ने बुझ्न शाकाहारी र मांसाहारी प्राणीबीचको फरक बुझ्नुपर्ने हुन्छ ।

**शाकाहारी र मांसाहारी प्राणीबीचको फरक**

१. मांसाहारीको दाँत लामो, तीखो र पछाडि मोडिएको हुन्छ जुन मानिसमा पाइँदैन ।
२. मांसाहारीको बङ्गारा तल-माथि मात्र गर्छ, दायाँबायाँ गर्दैन तर मानिसको बङ्गारा चारैतर्फ चल्छ ।
३. मांसाहारीका बच्चा जन्मँदा आँखा खुल्दैनन् केही दिनपछि खुल्छन् तर, शाकाहारीका बच्चा जन्मने बित्तिकैदेखि खुल्छन् ।
४. मांसाहारीले तरल पदार्थ पिउन सक्दैनन् चाटेर खान्छन् तर, शाकाहारीले घुट्का लिएर पिउँछन् ।
५. मांसाहारीको आन्द्राको लम्बाइ छोटो हुन्छ तर, शाकाहारीको आन्द्राको लम्बाइ लामो हुन्छ ।
६. मांसाहारीका हातखुट्टाका पञ्जाका नङ्ग्रा बलिया र आक्रमण गर्न सक्ने हुन्छन् तर, मानिसका नङ्ग्रा बलिया नभई भाँचिने खालका हुन्छन् ।

सरसर्ती हेर्दा यी फरकहरूको आधारमा के भन्न सकिन्छ भने मानिस मांसाहारी जीव नभएर मांसाहारी जीवको विकासक्रमसँगै शाकाहारीकारूपमा विकास भएको जीव हो । तर, सबै किसिमका शाकाहारी र मांसाहारी मानिसमा समेत विशेषतामा फरकपन पाइन्छ । सबै शाकाहारी र सबै मांसाहारी मानिसका केही फरक विशेषता यसप्रकार छ:

**क. शाकाहारी मानिस**

१. मासु नखाने तर अण्डा खाने
२. मासु, अण्डा, माछा, दूध, दही केही नखाने वा भेगन (पशुपन्छीबाट उत्पादित कुनै चिज नखाने)
३. मासु, अण्डा केही नखाने तर ननभेज चाउचाउ खाने
४. धार्मिक या आध्यात्मिक कारणले मासु, अण्डा, च्याउ, लसुन, प्याज केही नखाने (सात्विक खाना खाने)
५. अरू केही नखाने तर, माछा खाने (माछालाई मासु नभन्ने वर्ग)
६. भर्खरै मांसाहार त्याग गरेका वा नयाँ शाकाहारीहरू (अचानक चेतना खुलेर पशु प्रेमका कारण मासु खान छाडेका तर, भित्रभित्रै थुक निलिरहने खालका) वा शारीरिक रोगका कारण मासु खान छाडेकाहरू यो वर्गमा पर्छन् । तर, यस्ता वर्गले पुन: मासु खान सुरु गर्न सक्छन् ।

**ख. मांसाहारी मानिस**

१. हार्डकोर मांसाहारी (अधिकांश चिनियाँ जस्ता सबैथोक खाने)
२. सूटकोर मांसाहारी (सबै मासु नखाने जस्तै: खसी मात्र खाने, पाडो वा बंगुर नखाने)
३. कुखुरा वा सुँगुर नखाने तर अरू खाने (कुखुरा वा सुँगुरले फोहोर खान्छन् भनेर घिन मानेर नखाने तर, अरु मासु खाने)
४. बफ र पोर्क अति रुचाउने (नयाँ पुस्ताहरू जसले बफ र पोर्क बढी मन पराउँछन्)
५. पशु हिंसाको बिरोध गर्ने तर हिंसारहित मासु खाने ।

**शाकाहारी र मांसाहारी भोजन**

मासुको प्रयोग नगर्नुलाई मात्र शाकाहारी भन्न सकिँदैन । जुन भोजन प्रयोग गर्दा शरीरमा नशा पैदा र अनावश्यक मासुको बृद्धि हुँदैन त्यही भोजन नै शाकाहार हो । यदि दालभातमात्र पनि बढी खान्छ र खाना खाएपछि उसलाई झुम्म महशुस हुन्छ भने त्यो पनि शाकाहार होइन । फलफूल नै किन नहोस् टन्न पेटभर खाएपछि झुम्म पार्दछ र सुत्ने मन हुन्छ वा अल्छी महशुस हुन्छ भने त्यो अवस्था शाकाहारी अवस्था होइन । शाकाहार को अर्थ हो सत्वगुणी भोजन । भोजनले शरीरमा तमोगुण पैदा गर्नुहुँदैन । सत्वगुणी भोजनले सधैं शरीरमा फुर्तिलोपन, नैतिकता, कार्यमा उत्साह र शारीरिक बलको घमण्ड नभई मानसिक प्रखरता उत्पन्न गर्दछ ।

पोषणविज्ञानका दृष्टिकोणमा प्रोटिन बढी पाइने सबै भोजन मांसाहार हुन्, कार्बोहाइड्रेट र चिल्लो बढी पाइने सबै भोजन अन्नाहार वा मध्याहार हुन् भने भिटामिन एवम् खनिज लवण बढी पाइने सबै भोजन शाकाहार हुन् । त्यसकारण शारीरिक परिश्रम बढी गर्नु छ भने शाकाहारमा अन्नाहार जोड्नुपर्छ तर भुलेर पनि मांसाहार गर्नुहुँदैन । हात्तीको शक्ति शाकाहार बाट विकसित भएको हो, गाई, भैंसी, घोडा आदि सबै घाँस खाएर पनि शक्तिशाली छन् । जंगलमा घाँस खाएर ती जनावर कहिल्यै बिरामी भएर मर्दैनन् बरु वृद्ध भएरमात्र मर्दछन् ।

मांसाहारका तुलनामा शाकाहारहरूबाट प्राप्त पोषकतत्व शरीरले छिटो पचाउन र अवशोषण गर्न सक्छ । मांसाहारमा पोषकतत्वका साथमा केही विषालु पदार्थ पनि छन् जुन स्वास्थ्यको अनुकूल छैनन् । साधारण दृष्टिमा मांसाहारको हानि कम देखिए तापनि वैज्ञानिक परीक्षणबाट मासुमा लगभग ६० प्रतिशत पोषकतत्व र ४० प्रतिशत हानिकारक तत्व पाइन्छ ।

यसैगरी वनस्पति प्रोटिनको ९५ प्रतिशत भाग पाचन हुँदा मासुको ५० प्रतिशत भाग पनि पाचन हुन सक्दैन । त्यस्तै मासुमा फाइबर नपाइनाले मल निष्काशन ढिलो र कब्जियत बढी हुन्छ तर शाकाहारमा प्रशस्त फाइबर पाइने हुँदा दिसामा समस्या आउँदैन । यसरी मासुमा आन्द्रामा बढी समय रहँदा सड्न गई हानिकारक विभिन्न असरहरूका साथै दुर्गन्धयुक्त दिसा आउँछ तर, शाकाहार छिटो पाचन भई छिटो बाहिर जाने हुँदा दुर्गन्ध पनि हुँदैन ।

मासुमा भन्दा दाल वर्गमा बढी प्रोटिन पाइन्छ । साथै दाल वर्गको प्रोटिन मासुबाट प्राप्त प्रोटिन भन्दा सस्तो, पचाउन सजिलो र हानिरहित हुन्छ । दाल वर्गलाई अङ्कुरित गरेर खाने हो भने झन् पोषकतत्वमा वृद्धि हुनुका साथै पाचन र मल निष्काशनमा पनि सकारात्मक प्रभाव पार्दछ ।

कार्बोहाइड्रेट, भिटामिन र खनिज पदार्थ बढी भएको भोजनले मस्तिष्कमा सेरोटोनिनको मात्रालाई बढाइदिन्छ । यस्ता भोजन सेवन गर्ने जीव शान्त हुँदै जाने र सेरोटोनिन अरू बढ्नाले निद्रा लाग्न थाल्छ । यसको विपरित मांसाहार र उच्च प्रोटिनवाला भोजन जसमा ट्रिप्टोफेन नामक एमिनो एसिड हुँदैन भने यस्ता भोजनले मस्तिष्कमा सेरोटोनिनको कमी हुन थाल्छ र अशान्ति, तनाव तथा अनिद्राका लक्षणहरू देखिन थाल्छन् । यस्तो अवस्था लगातार कायम भएमा आएको विक्षिप्तपनबाट हिंसा पैदा हुने हुँदा मांसाहारी जीव बढी हिंस्रक हुने गरेका हुन् ।

खाना खाने र खानाको छनोट गर्ने कुरा विभिन्न देश, ठाउँ र परिस्थितिअनुसार हुने गर्छ । खानाको छनोट गर्दा सकभर जनावर जन्य स्रोतभन्दा वनस्पतिजन्य स्रोत नै छनोट गर्नु स्वास्थ्यका लागि राम्रो हुन्छ । यसैगरी, जीवनशैलीमा परिवर्तन गरी नियमित शारीरिक क्रियाकलाप गर्ने, खाना अरूलाई खुवाएर बल्ल आफूले खाने, आनन्दित जीवन बिताउने, मांसाहारी हो र मासु खानैपर्ने हो भने माछा तथा सामुद्रिक खाना कम्तीमा हप्ताको दुईपटक मात्र खाने गर्नुपर्छ ।

**मांसाहार त्याग गर्नाले शरीरमा पर्ने प्रभाव**

१. मासुमा उच्च स्याचुरेटेड चिल्लो हुन्छ जसले सुजन गराउँछ र यसबाट क्यान्सर तथा अन्य रोगको डर हुन्छ तर, मांसाहार त्याग गर्नाले सुजन कम हुन्छ ।
२. पेटको स्वास्थ्य राम्रो हुन्छ । किनकि मासु वा प्रशोधित खानाले पेटका जीवाणुहरू नष्ट हुने र वनस्पति स्रोतजन्य खाद्यान्नले त्यस्ता जीवाणुहरूको बृद्धि विकास हुन्छ जसले गर्दा पेटको स्वास्थ्य राम्रो हुन्छ ।
३. यदि मासु खाइरहने व्यक्तिले खान छाडेमा निकै कमजोर महसुस हुन्छ किनकि नियमित आपूर्ति भइरहने प्रोटिन, आइरन र अन्य तत्वको कमी भएमा शक्ति क्षय हुन्छ । त्यसकारण मासु छाडेपछि हरिया सागपात, फलफूल, नट्स, बिन आदि खानुपर्छ जसले शरीरको अवस्था यथावत् बनाउँछ ।
४. मासु सेवन गर्न छाडेर शाकाहारी भोजन गर्दा फलफूल वा तरकारीमा पाइने फाइबर तथा पानीका कारण बढी मात्रामा शौचालय जानुपर्ने हुन्छ भने दिसा पनि राम्रोसँग खुलेर आउँछ ।
५. मासु छाड्नाले दोस्रो टाइपको सुगर रोगको सम्भावना पनि कम हुन्छ ।
६. मासुमा पाइने स्याचुरेटेड चिल्लोले खराब कोलेस्टेरोल बढाउने र राम्रो कोलेस्टेरोलको मात्रा कम हुन थाल्छ फलस्वरूप न्यून कोलेस्टेरोल हुन्छ ।
७. शाकाहारी भोजनमा जति मांसाहारी भोजनमा खर्च हुँदैन र पैसाको पनि बचत हुन्छ ।
८. मासुजन्य पदार्थले ग्रीनहाउस प्रभाव पार्ने र कार्बन उत्सर्जन गर्ने भएकोले मासुको सट्टा वनस्पतिजन्य खाद्यान्नको प्रयोग गर्दा वातावरणमा पनि सकारात्मक प्रभाव पर्छ । यसैगरी पशुपालन गर्दा बढी जग्गाको आवश्यकता पर्ने, पानीको मात्रा बढी खपत हुने र अन्य नकारात्मक प्रभाव समेत पर्दछन् तर, वनस्पतिको खेतीपातीमा यी समस्या हुँदैनन् ।
९. मासु नखाएमा अन्य थप तत्वको आवश्यकता पर्दछ किनकि वनस्पतिजन्य खाद्यान्नबाट मासुमा जति तत्व प्राप्त गर्न सकिँदैन । त्यसकारण भिटामिन बी, आइरन, क्याल्सियम र अन्य भिटामिनहरू प्राप्त गर्न थप खाद्यपदार्थ मिसाएर खानुपर्दछ ।
१०. मांसाहार त्याग गर्दा तौल कम हुनसक्छ ।

त्यसकारण स्वस्थकर जीवन बनाउनका लागि सकभर शाकाहार भोजन नै उचित हुन्छ । मांसाहारको सट्टामा निम्न किसिमका खाना छनोट गरी सेवन गर्नुपर्छ ।

**क. शाकाहारीका लागि**

१. तरकारी: टमाटर, ब्रोकाउली, पालुङ्गो, काउली, रायो, काँक्रो आदि ।
२. फलफूल: स्याउ, केरा, सुन्तला, नासपाती, स्ट्रबेरी, अङ्गुर, आरू आदि ।
३. नट्स र बियाँ: बदाम, काजु, सूर्यमुखीको बियाँ, फर्सीको बियाँ आदि ।
४. गेडागुडी: सिमी, केराउ, दाल, पिनट, चना आदि ।
५. ट्युबर्स: आलु, सखरखण्ड, पिंडालु, तरुल आदि ।
६. होल ग्रेन: ओट्स, खैरो चामल, कोदो, मकै, गहुँ, रोटी र पास्ता ।
७. दुग्ध पदार्थ: चिज, दही, दूध आदि ।
८. जडीबुटी र मसला: लसुन, पुदिना, अलैंची, मरीच आदि ।
९. स्वस्थकर चिल्लो: ओलिभ तेल, एभोकाडो र एभोकाडो तेल ।

**ख. मांसाहारीका लागि**

१. मांसाहारीको लागि अन्य जनावरको मासुभन्दा निम्न माछा र सामुहिक खाना खानु उचित मानिन्छ- सालमोन, सार्डिनेस, ट्राउट, टुना, म्याकेरेल, स्रिम्प, ओस्टर, क्लाम, क्र्याब, मुसेल आदि जातका माछा वा सामुहिक खाना ।
२. मासु सेवन गर्ने नै हो भने खसी, बोका, राँगा, सुँगुर, बंगुर वा अन्य पशुकोभन्दा कुखुरा, हाँस, टर्की आदिको मासु केही हदसम्म उचित हुन्छ ।
३. अण्डा सेवन गर्नेले कुखुरा, क्वाईल र हाँसको अण्डा सेवन गर्नु उचित हुन्छ ।

निचोडमा, विभिन्न जनावर वा पन्छीलाई मारेर खानाको रूपमा प्रयोग गर्नुलाई नै मांसाहार भनिन्छ । परम्पराकालदेखि मानिसले पनि मासु खाँदै आएको पाइन्छ । मासुका लागि पशुपालन गरेर, जङ्गली जनावर मारेर, नदी-नाला र समूहका जीवहरू मारेर, चराचुरुङ्गी पालेर र अण्डा वा मासु प्राप्त गरेर खाने अभ्यास छ । यसरी खाने मासुमा (राँगो, सुँगुर र कुखुराको मासुमा) अत्यावश्यक एमिनो एसिड र बढी मात्रामा प्रोटिन तत्व पाइन्छ भने भिटामिन बी, आइरन र जिङ्क पनि मासुमा पर्याप्त पाइन्छ । यसका साथै उच्च मात्रामा हानिकारक चिल्लो (स्याचुरेटेड फ्याट) र खराब कोलेस्टेरोलसमेत मासुमा पाइने हुँदा फाइदा गर्नेभन्दा बेफाइदा बढी गर्ने तत्व मासुमा बढी पाइन्छ ।

शाकाहार भोजनमा पनि गेडागुडी वर्गमा पर्याप्त प्रोटिन, फाइबर, मिश्रित कार्बोहाइड्रेट, भिटामिन, खनिज, फोलेट, आइरन र पोटासियम पनि पाइन्छ । शाकाहार भोजनमा कम चिल्लो वा खराब नगर्ने चिल्लो पाइने हुँदा स्वास्थ्यको लागि राम्रो हुन्छ । त्यसकारण पनि मासु खानेको स्वास्थ्य शाकाहार भोजन गर्नेको तुलनामा खराब नै हुन्छ । त्यसैले सन्तुलित आहार सेवन गर्दा सबै वर्गका पौष्टिक तत्व मिलाएर आफ्नो स्वास्थ्यलाई ख्याल राखेर भोजन गर्नु नै बुद्धिमानी हुनेछ ।

*(जीवनशैली व्यवस्थापनमा विद्यावारिधि गरेका लेखक प्राध्यापक तथा सेवानिवृत्त जनस्वास्थ्य निरीक्षक हुन् ।)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# मकवानपुरमा पशुमा लाग्ने नाम्ले रोगको समस्या बृद्धि

साझाकुरा संवाददाता

हेटौंडा, १८ कात्तिक/ मकवानपुरमा पशुचौपायामा लाग्ने नाम्ले रोगको समस्यामा बृद्धि भएको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मकवानपुरमा पशुको गोवर परिक्षण गर्दा अधिकांश पशुहरुमा नाम्ले रोग देखा परेको हो ।



गोवर परीक्षणबाट पशुको कलेजो, आन्द्रामा लाग्ने रोग, नाम्ले, माटे, गोलो जुका, फित्ते जुका, चेप्टे जुकाबारे थाहा हुने र सोही अनुसार आवश्यक औषधि प्रदान गर्ने गरिएको पशुसेवा विज्ञ केन्द्र पशुस्वास्थ्य प्राविधिक विनिता राईले बताइन् । विज्ञ केन्द्रमा पशुको गोवर परीक्षण गर्दा धेरैमा माटे जुकाको रोग देखिएको छ । वर्षायामको समयमा पशुलाई चिसो र शंखे किरा लागेको घाँसपात खुवाउँदा माटे जुका रोग लाग्ने गरेको पशुस्वास्थ्य प्राविधिक राईले जानकारी दिइन् ।

गाईले घाँस, पानी नखाने समस्या आएपछि हेटौंडा-९, लामसुरेधापकी सावित्री भट्टराई पशुको गोवर परीक्षण गराउन विज्ञ केन्द्र आइपुगेकी थिइन् । उनले अर्ध वार्षिकरुपमा गोवरको परीक्षण गराउने र पशुलाई औषधि खुवाउने गरेकी छन् । गाई ब्याउन डेढ महिना बाँकी रहँदा नाम्ले जाँच गराउन हेटौंडाको बसामाडी-३ की लिला ढुंगेल गोवर लिएर विज्ञ केन्द्र आइपुगेकी छन् । उनीहरु जस्तै विज्ञ केन्द्रमा गाईं, भैंसी, बाखा र सुंगुरको गोवर लिएर पशुपालक किसान परीक्षणका लागि आउने गरेका छन् ।

चालु आर्थिक बर्षको साउनदेखि कात्तिक दोस्रो सातासम्म भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मकवानपुरले सातसय ६५ गोवरको नमुना परीक्षण गरेको छ । विज्ञ केन्द्रका अनुसार साउनमा २ सय ५३, भदौमा २ सय १५, असोजमा २ सय ८५ र कात्तिक दोस्रो सातासम्म १२ वटा गोवरको नमूना परीक्षण गरिएको हो । विज्ञ केन्द्रमा हेटौंडा, मनहरी, मकवानपुरगढी, बकैया, बागमती, भीमफेदी र बारा जिल्लाबाट पनि पशुको गोवर लिएर परीक्षण गराउन पशुपालक किसान आउने गरेकी विज्ञ केन्द्रकी सहायकस्तर पाँचौ सुस्मिता अधिकारीले जानकारी दिइन् ।

## भूकम्प प्रभावित क्षेत्र पुगेका प्रधानमन्त्रीले भने: ‘राहत र पुनर्स्थापनामा लाग्छौं’

काठमाडौं, १८ कात्तिक/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भूकम्प प्रभावित क्षेत्रमा सरकारले जे गर्नुपर्थ्यो, त्यो गरेको बताएका छन् ।



शनिबार जाजरकोट र रुकुम पश्चिमको भूकम्प प्रभावित क्षेत्रको अवलोकनपछि नेपालगञ्ज आइपुगेका प्रधानमत्री प्रचण्डले मृतकहरुप्रति श्रद्धाञ्जली व्यक्त गरे भने घाइतेहरुको स्वास्थ्यलाभको कामना गरे ।

मृतकको संख्या १५७ पुगेको, सयौं घाइते भएको र हजारौं घरमा क्षति पुगेको भन्दै उनले भने, ‘आजको दिनमा सरकारको तर्फबाट जे गर्नुपर्थ्यो, गरिएको छ ।’

आइतबारदेखि राहत तथा पुनर्स्थापनामा जुट्ने उनले बताए । ‘आइतबार विहान ८ बजे मन्त्रिपरिषद्को बैठक बोलाइसकेको छु, त्यसपछि विपद् व्यवस्थापनको बैठक बसेर राहत र पुन:स्थानाको काममा लाग्छौं’, प्रधानमन्त्री प्रचण्डले भने ।

## नेपाललाई रुसी राष्ट्रपति पुटिनको पत्र, भूकम्प पीडितलाई सहयोग गर्ने प्रतिवद्धता

साझाकुरा संवाददाता

काठमाडौं, १८ कात्तिक/ रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले जाजरकोट केन्द्रविन्दु भएर गएको भूकम्पबाट भएको धनजनको क्षतिप्रति गहिरो दु:ख व्यक्त गरेका छन् ।



पुटिनले समकक्षी राष्ट्रपति रामचन्द्र पौडेललाई शनिबार पत्र पठाउँदै प्राकृतिक विपत्तिको दु:खद् घटनाबाट पीडित नेपालीप्रति गहिरो संवेदना प्रकट गरेको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए ।

पत्रमार्फत् राष्ट्रपति पुटिनले भूकम्पबाट पीडितहरुका आफन्त तथा शुभेच्छुक नेपाली जनताप्रति आफ्नो साथ, सहयोग र सहानुभूति रहेको उल्लेख गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना पनि गरेका छन् ।

## कोशी सरकारबाट १९ दिनमै बाहिरियो एमाले

साझाकुरा संवाददाता

काठमाडौं, १८ कात्तिक/ कोशी प्रदेश सरकारमा सहभागी भएको १९ दिनपछि बाहिरिएको नेकपा एमालेले सरकारलाई दिएको समर्थन तत्काल फिर्ता नलिने भएको छ ।

संविधानको धारा १६८ को उपधारा ५ अनुसार गठन भएको सरकारलाई दिएको समर्थन फिर्ता लिन कानुनी जटिलता देखाउँदै तत्काल फिर्ता नलिने भएको हो ।

नेकपा एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्कीले सरकारबाट बाहिरिएपछि अब प्रतिपक्षमा बस्ने बताए । सरकारलाई दिएको समर्थनका बारेमा पछि निर्णय गर्ने उनले बताए ।

‘सरकारबाट बाहिरिएपछि हामी प्रतिपक्षमा बस्छौं’, उनले भने, ‘समयक्रमले सरकारका गतिविधिले, काम कारबाहीले समर्थनको विषय निर्धारण गर्छ ।’ मध्यावधि निर्वाचन रोक्नका लागि केदार कार्कीलाई मुख्यमन्त्री बनाउन सहयोग गरेको बताउँदै उनले सत्तारूढ गठबन्धन सहभागी भएपछि सरकारबाट एमाले बाहिरिएको बताए ।

‘समर्थन फिर्ता लिने विषयमा पार्टीको केही निर्णय भएको छैन’, समर्थन फिर्ता लिने कि नलिने भन्ने प्रश्नमा उनले भने ‘यो निर्णय (गठबन्धन सहभागी भए सरकार छाड्ने) चाहिँ पूर्वनिर्धारित थियो । ‘अरू त समयक्रमले निर्धारण गर्छ अहिल्यै नै यही भन्ने हुँदैन, अहिले हामीले राजीनामामात्रै दिएर मन्त्री फिर्ता भएको हो ।’

शनिबार नेकपा एमालेका नेताहरूले समर्थन फिर्ता लिए के हुन्छ भन्ने विषयमा छलफल गरेका थिए । तत्काल केही जटिलता भएका कारण फिर्ता लिने विषयमा कानुनी परामर्श गर्ने सहमति भएको बैठकमा सहभागी एक नेताले बताए ।

एमाले प्रमुख सचेतक रेवतीरमण भण्डारी सांसद्ले व्यक्तिगतरूपमा समर्थन गरेका कारण फिर्ता पनि सोहीअनुसार हुने बताउँछन् । कानुनी जटिलता देखिएका कारण थप परामर्शपछि समर्थन गरिरहने कि नगर्ने भन्ने निष्कर्षमा पुग्ने उनले बताए ।

**एमाले बाहिरिए के हुन्छ ?**

प्रदेश प्रमुखले संविधानको धारा १६८ को उपधारा ५ अनुसार सरकार गठनको आह्वान गरेपछि कांग्रेसबाट ८ सांसद्सहित विद्रोह गरेका कार्की नेकपा एमालेको समर्थनमा २७ असोजमा मुख्यमन्त्री नियुक्त भएका थिए ।

२८ असोजमा सपथग्रहण गरेका उनले सोही दिन एमालेबाट र ा म राना र कांग्रेसबाट शम्शेर राईलाई विना विभागीय मन्त्री नियुक्त गरेका थिए । १ कात्तिकमा उनलाई राप्रपाबाहेक सबै दलले विश्वासको मत दिएका थिए ।

९३ सदस्यीय प्रदेशसभामा उनले ८६ जनाको समर्थन पाएका थिए । एमालेका सांसद्ले सरकारलाई दिएको समर्थन फिर्ता लिए मुख्यमन्त्री कार्कीले फेरि विश्वासको मत परीक्षण गर्नुपर्ने हुन्छ । उनलाई समर्थन गर्ने सत्तारुढ गठबन्धनमा ४७ जना सांसद् छन् । जुन टुप्लुक्क बहुमतमात्रै हो ।

एमालेका सांसद्ले समर्थन फिर्ता लिए राप्रपालाई सहभागी गराउने मुख्यमन्त्री कार्कीसँग विकल्प छ । राप्रपा सरकारमा सहभागी भएको अवस्थामा उनको पक्षमा ५३ जना सांसद् हुनेछन् ।

सरकारबाट बाहिरिएको एमालेले समर्थन फिर्ता नलिए विश्वाको मत लिन पर्दैन । ‘समर्थन फिर्ता लिंदा मध्यवधी निर्वाचनको डर छ, तत्काल कसैलाई मध्यवधीमा जाने रहर छैन, अहिले त्यो अवस्था पनि छैन’, मुख्यमन्त्री निकट एक नेताले भने, ‘एमालेले तत्काल त्यस्तो कदम चाल्दैन ।’

## एनसेलले भूकम्प पीडितका लागि तत्काल ५० लाख रुपैयाँ सहयोग गर्ने

काठमाडौं, १८ कात्तिक/ एनसेल आजियाटा लिमिटेडले भूकम्प पीडितको उद्धार, उपचार र राहतका लागि तत्काल ५० लाख रुपैयाँ आर्थिक सहयोग गर्ने घोषणा गरेको छ ।

कम्पनीले शनिबार विज्ञप्ति जारी गर्दै भूकम्प पीडितको उद्धार, उपचार र राहतमा तत्काल सहयोग गर्न कर्णाली प्रदेश सरकारलाई उक्त रकम उपलब्ध गराउने घोषणा गरेको हो ।

सोही क्षेत्रमा राहत तथा उद्धार कार्यलाई सहयोग पुर्‍याउने प्रभावित जिल्ला जाजरकोट, रुकुम (पश्चिम) र रुकुम (पूर्व)मा रहेका ग्राहकलाई ४० लाख ब्यालेन्स बाराबरको सेवाहरु नि:शुल्क उपलब्ध गराउने घोषणासमेत एनसेलले गरेको छ । एनसेलका अनुसार यसरी पाइने सेवाहरुमा देशका अन्य नेटवर्क र विदेशमा कल गर्न सकिने सेवा, डेटा र एसएमएस रहेका छन् । यसको समयसीमा १५ दिनको रहनेछ ।

विनाशकारी भूकम्पबाट ज्यान गुमाउनेहरुप्रति दु:ख व्यक्त गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै आफूहरू भूकम्प प्रभावित जिल्लाका जनताहरुसँगै रहेको विज्ञप्तिमा उल्लेख छ ।

साझाकुरा राष्ट्रिय दैनिक
विज्ञापन प्रकाशनको लागि:
०५७-५२१११५

## लागूऔषध खैरो हेरोइनसहित दुई जना पक्राउ

हेटौंडा, १८ कात्तिक/ मकवानपुर प्रहरीले शनिबार साँझ लागूऔषध खैरो हेरोइनहित दुई जनालाई पक्राउ गरेको छ ।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत् हेटौंडा-१५, रातोमाटेस्थित प्रहरी चोकपोष्टबाट प्रहरीले लागूऔषध खैरो हेरोइन ८ ग्रामसहित चितवन भरतपुरका-१२, नौरंगेका ३३ वर्षीय विशाल दराई र भरतपुर महानगरपालिका-९ का २३ वर्षीय अमृत दूरालाई नियन्त्रणमा लिएको जनाएको छ ।

वीरगंजबाट काठमाडौं जाँदै गरेको बा. प्र. ०३-००१ ख १७२६ नम्बर यात्रुबाहक बसमा चेकजाँच गर्ने क्रममा दराई र दूरालाई प्रहरीले पक्राउ गरेको हो । प्रहरीले हिरसातमा राखी थप अनुसन्धान गरिरहेको जनाएको छ ।

## रोटरी क्लबद्वारा १८५ जनाको नि:शुल्क दन्त परीक्षण



हेटौंडा, १८ कात्तिक/ रोटरी क्लब अफ हेटौंडा र रोट्र्याक्ट क्लब अफ हेटौंडाको संयुक्त आयोजनामा मकवानपुरको मनहरी गाउँपालिका-३, हाँडीखोलामा नि:शुल्क दन्त शिविर आयोजना गरिएको छ ।

रोटरी कम्युनिटी कर्प्स (आरसीसी) को स्थानीय समन्वय र मनहरी ३ नम्बर वडाको संयोजनमा शिविरको आयोजना गरिएको हो ।

शिविरमा बालबालिकादेखि ८५ वर्षसम्मका बृद्धबृद्धासहित एक सय ८५ जनाले दन्त परीक्षण गराएका थिए । शिविरमा आवश्यकताअनुसार औषधि पनि नि:शुल्क वितरण गरिएको थियो । एभरेष्ट डेन्टल क्लिनिक र पूजा दाँत घरको प्राविधिक सहयोग तथा डा. मनोजकुमार उपाध्यायको नेतृत्वमा ५ जना दन्त चिकित्सकहरुले दन्त परीक्षण गरेका थिए ।

## जाजरकोटको रामिडाँडामा ४.२ रेक्टरको परकम्प

काठमाडौं/ जाजरकोटमा शनिबार दिउँसो ३ बजेर ४० मिनेटमा परकम्प महसुस भएको छ ।

भूकम्प मापन केन्द्रका भूकम्पविद् मुकुन्द भट्टराईका अनुसार रामिडाँडालाई केन्द्रविन्दु बनाएर ४.२ रेक्टर स्केलको परकम्प महसुस भएको हो ।

गए राति ११:४७ बजे जाजरकोटको बारेकोट गाउँपालिका-१, रामीडाँडा केन्द्रबिन्दु भई ६ दशमलव ४ रेक्टर स्केलको भूकम्प गएको थियो ।

भूकम्पबाट जाजरकोट र रुकुम पश्चिममा ठूलो धनजनको क्षति भएको छ ।

जय शिव शम्भो

धार्मिक यात्रामा जाने हो ?

मथुरा, वृन्दावनको लागि २०८० मंसिर १४ गते रिजर्भ बस खुल्दैछ



*(दर्शनीय स्थानहरु: राम जन्मभूमि अयोध्या, नैमिसारण्य, मथुरा, वृन्दावन, गोकुल, गोवर्धन, नन्दगाउँ, वर्सानाहुँदै ८ देखि ९ दिनमा नेपाल आइपुगिनेछ ।)*

भाडा प्रतियात्रु ने.रु. १६,०००।- लाग्नेछ ।
(विहान बेलुकाको खानासहित)


*(नोट: रिक्सा, टाँगा, धर्मशाला अन्य खर्च यात्रु स्वयम्ले व्यहोर्नु पर्नेछ ।)*

**सम्पर्क:**
गोपाल थापा
हेटौंडा बसपार्क
९८४५२९७६८१

## थाहा नगरमा बजार अनुगमन तीव्र

साझाकुरा संवाददाता

हेटौंडा, १८ कात्तिक/ जिल्लाको उत्तरी क्षेत्रमा रहेको थाहा नगरपालिकाले बजार अनुगमन गरेको छ । नगरपालिकाले दशैं अघिदेखि नै अनुगमनलाई तिब्रता दिँदै आएको छ ।



बजारमा म्याद गुज्रिएका सामानहरु बिक्री बितरण हुन सक्ने अवस्थालाई मध्येनजर गरे उपभोक्ताहीतका लागि अनुगमनलाई तिब्रता दिएको हो । नगरपालिकाले १६ र १७ कात्तिकमा नगरपालिकाको शिखरकोट क्षेत्रका पसलहरु अनुगमन गरेको छ । अनुगमनका क्रममा म्याद गुज्रिएको सामान जफत गरिएको र त्यस्तो सामान बिक्री नगर्न सचेत गराइएको अनुगमन समितीका सदस्य उमेश श्रेष्ठले बताए । उनका अनुसार खाद्य सामाग्रीमा म्याद हेर्ने सचेतता उपभोक्तामा बढेको भएपनि सौन्दर्य सम्बन्धी सामानमा म्याद गुज्रिएको पाइएको जानकारी दिए ।

थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले बजार अनुगमनमा आम उपभोक्ताको अपेक्षा अनुसार नभए पनि विगतको तुलनामा सुधार भएको दाबी गरे । प्रशासकीय अधिकृत गिरीले स्वयम् उपभोक्ता सचेत हुनुपर्ने बताए । उनले बजार अनुगमनले मात्रै आम उपभोक्ताले चाहे जस्तो सुधार गर्न नसकिने उल्लेख गर्दै सामान किन्दा उपभोक्ताले मूल्य, उपभोग्य मिति हेर्ने लगायतको कार्य गर्नुपर्ने प्रतिक्रिया दिए ।

नगरपालिकाले म्याद गुज्रेका, सडेगलेका, अखाद्य वस्तु बिक्री गर्दै आएका तथा बिना इजाजत व्यवसाय सञ्चालन गरिरहेका व्यवसायीमाथि कडाइ सुरु गरेको जनाएको छ । थाहानगरका विभिन्न स्थानका बजारमा छड्के अनुगमनलाई तीव्र पारिने नगरपालिकाले जनाएको छ । नगरपालिकाले अहिले पनि बजार अनुगमनलाई खुद्रा पसलमा केन्द्रित गरेको छ । उपभोक्ता ठग्ने ठूला व्यवसायलाई कडाइकासाथ अनुगमन गर्नुपर्ने तथा स-साना व्यवसायमा मात्र अनुगमन केन्द्रित नगर्न स्थानीय व्यापारीको भनाइ रहेको छ ।

## शिखरपानीबाट मोक्तान र बोम्जन पक्राउ



हेटौंडा, १८ कात्तिक/ हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१५ शिखरपानी दमार टोलबाट बुधबार लागुऔषध सहित दुई जना पक्राउ परेका छन ।

पक्राउ पर्नेमा हेटौंडा उपमहानगरपालिका-१५ बस्ने २५ बर्षीय राजकुमार मोक्तान र हेटौंडा उपमहानगरपालिका-१९ बर्षीय रन्जन बोम्जन रहेका छन । लागुऔषध बेचबिखन भइरहेको छ भन्ने सुचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरीको टोली उनीहरुलाई विभिन्न लागूऔषध सहित पक्राउ गरेको हो । मोक्तानको साथबाट गाँजा ११ वटा पोकामा ३ सय ग्राम, ट्रमाडोल ११ वटा पतामा ९७ ट्याब्लेट र एनार्गन २५ लेखेको ५ पतामा ४२ ट्याब्लेट र बोम्जनको साथबाट गाँजा ४ वटा पोकामा ७० ग्राम फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

**हेटौंडा उपमहानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

## व्यवसाय दर्ता घुम्ती शिविर सञ्चालनसम्बन्धी सूचना

हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र व्यापार वा पेशा व्यवसाय संचालन गरिरहनु भएकाहरुको लागि आ.व. २०८०/८१ को पौष मसान्तसम्म व्यवसाय दर्ता गर्न आएमा एक पटकको लागी विगत ३ वर्षको मात्र राजश्व लिई व्यवसाय दर्ता घुम्ती परिचालन टोली निम्न वडा ३, ४, ५, ६, ७, ८, ९, ११, १२, १३, १४, १५, १६, १७, १८ र १९ वडाहरुमा मिति २०८० कात्तिक १३ गते देखि पौष मसान्तसम्म तपशिल अनुसारको मितिहरुमा सन्चालन गरिने भएको हुंदा सम्बन्धित व्यवसायी, उद्यमी, सस्थागत विद्यालय, निजी कम्पनि, व्यापार व्यवसाय लगायतका बिभिन्न आयमूलक काममा संलग्न फार्महरुलाई व्यवसाय दर्ता गर्नु हुन जानकारी गराईन्छ । र बांकी वडाका व्यवसायीहरुले आफुलाई पायक पर्ने वडा तथा हे.उ.म.न.पा.को राजश्व शाखामा आई व्यवसाय दर्ता गर्न सकिने छ । साथै व्यवस्थाय दर्ता गर्न आउँदा तपशिलका कागजात लिइ आउनु हुन अनुरोध गरिन्छ ।

**तपशिल**:-

१. व्यवसाय दर्ता निवेदन पत्र ।
२. व्यवसाय अन्य निकायमा दर्ता भएको भए सोको प्रतिलिपी ।
३ आफ्नै छ र भएमा लालपुर्जाको फोटोकपी र चालु आ.व. सम्मको एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपी (एकाघरको हकमा मन्जुरीनामा ) ।
४. बहालमा भएमा घर धनिको लालपुर्जाको फोटोकपी र चालु आ.व. सम्मको एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपी साथै बहाल सम्झौता पत्रको प्रतिलिपी ।
५. व्यवसायीको नेपाली नागरिकताको फोटोकपी र दुई प्रति पासपोर्ट साइजको फोटो ।
६. कम्पनी/प्रा.लि. को हकमा प्रवन्धपत्र, नियमावली, प्रा.लि.दर्ता प्रमाण पत्रको प्रतिलिपी,अख्तियार नामा लिई दर्ता गर्न आउने व्यक्तिको नागरिकताको प्रतिलिपी, तथा कम्पनीको छाप अनिवार्य ।
७. सर्जिमिन गर्नुपर्ने प्रकृतिका व्यवसायलाई स्थलगत सर्जिमिन मुचुल्का तथा वडाको सिफारिस ।

**पुनश्च** :-
माथि उल्लेखित कागजात नभएमा निम्न कागजाश पेश गर्नु पर्नेछ ।
१. ऐलानी तथा पर्ती जग्गामा अस्थाई बसोबास गर्ने व्यक्तिहरुले जग्गा धनी प्रमाण पुर्जा (निस्सा कार्ड)
२. सम्बन्धित वडा कार्यालयको शिफारिस ।
३. बिगतका सुकुम्बासी समाधान आयोगमा दर्ताको लागि पेश गरेको निस्सा र खानेपानी तथा बिद्युत मिटर जडानको प्रमाइँ लिई आउनु हुन जानकारी गराईन्छ ।

**तपशिलका वडा कार्यालयहरूमा व्यवसाय घुम्तीशिविर सन्चालन गरिने छ ।**

| सि.नं. | वडा नं. | मिति |
|---|---|---|
| १ | १९ | २०८०/०७/१३ देखि २०८०/०७/१५ |
| २ | ३ | २०८०/०७/१६ देखि २०८०/०७/१९ |
| ३ | ११ | २०८०/०७/२० देखि २०८०/०७/२२ |
| ४ | १२ | २०८०/०७/२३ देखि २०८०/०७/३० |
| ५ | १३ | २०८०/०८/०४ देखि २०८०/०८/०६ |
| ६ | १४ | २०८०/०८/०७ देखि २०८०/०८/१० |
| ७ | १५ | २०८०/०८/११ देखि २०८०/०८/१३ |
| ८ | १८ | २०८०/०८/१४ देखि २०८०/०८/१७ |
| ९ | १७ | २०८०/०८/१८ देखि २०८०/०८/२० |
| १० | १६ | २०८०/०८/२१ देखि २०८०/०८/२४ |
| ११ | ६ | २०८०/०९/२५ देखि २०८०/०८/२७ |
| १२ | ७ | २०८०/०८/२८ देखि २०८०/०९/०१ |
| १३ | ८ | २०८०/०९/०२ देखि २०८०/०९/०४ |
| १४ | ९ | २०८०/०९/०५ देखि २०८०/०९/०८ |
| १५ | ४ | २०८०/०९/११ देखि २०८०/०९/१३ |
| १६ | ५ | २०८०/०९/१६ देखि २०८०/०९/१८ |

**हेटौंडा उपमहानगरपालिका**
**राजश्व प्रशासन शाखा**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना